मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६    भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १७५ ★ ने. सं. ११४६ दिला थ्व, तृतीया ★ शुक्रबार ★ १ साउन, २०८३ ★ July 17 , 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## युद्धविरामबिच गाजामा इजरायली आक्रमण जारी

डेर अल-बालाह (गाजा पट्टी), ३२ असार (एपी) । इजरायल र हमासबिच भएको युद्धविराम लागू भएको करिब एक महिना बितिसक्दा पनि गाजामा इजरायली हवाई तथा स्थलगत आक्रमण रोकिएको छैन । पछिल्लो दुई दिनमा भएका आक्रमणमा प्रहरी अधिकारीसहित कम्तीमा एक दर्जन जनाको मृत्यु भएको स्थानीय स्वास्थ्य अधिकारीहरूले जनाएका छन् ।

अल अक्सा अस्पतालका अनुसार बुधबार मध्य गाजामा एकै परिवारका तीन जनाको हवाई आक्रमणमा मृत्यु भएको छ । त्यसअघि मङ्गलबार उत्तरी गाजाको घना बस्ती रहेको जबलिया शरणार्थी शिविरस्थित प्रहरी चौकीमा भएको इजरायली आक्रमणमा छ जना प्रहरी अधिकारी र एक महिलासहित धेरैको ज्यान गएको अस्पताल स्रोतले जनाएको छ । दक्षिणी सहर खान युनुसको टेन्ट शिविरमा भएको अर्को बम विस्फोटमा एक जनाको मृत्यु भएको नासेर अस्पतालले जनाएको छ । यस्तै, रफाहबाहिरको मुवासी क्षेत्रमा इजरायली सैनिकको गोली लागेर एक बालकको मृत्यु भएको अस्पताल अधिकारीहरूले बताएका छन् ।

इजरायली सेनाले मध्य र दक्षिणी गाजामा भएका पछिल्ला आक्रमणबारे तत्काल कुनै प्रतिक्रिया दिएको छैन । जबलियाको घटनाबारे भने सेनाले मारिएका प्रहरीमध्ये चार जना हमासका लडाकु रहेको दाबी गरेको छ । तर, उनीहरू सैन्य गतिविधिमा संलग्न रहेको कुनै प्रमाण सार्वजनिक गरेको छैन ।

हमासद्वारा सञ्चालित गृह मन्त्रालयका अनुसार मारिनेमध्ये कर्नेल मोहम्मद मारवान सलेम जबलिया प्रहरी चौकीका प्रमुख तथा वरिष्ठ प्रहरी कमान्डर हुनुहुन्थ्यो । हमासले गाजामा नागरिक प्रहरी र सुरक्षा निकाय सञ्चालन गर्दै आएको छ भने युद्ध अवधिभर इजरायलले सहायता सामग्रीको सुरक्षा गर्ने प्रहरीसहित स्थानीय सुरक्षाकर्मीलाई पटक-पटक निशाना बनाएको छ ।

इजरायली सेनाले सैन्य प्रयोजनका लागि प्रयोग भएका वा सशस्त्र गतिविधिमा संलग्न व्यक्तिहरू रहेको प्रहरी चौकीलाई वैध सैन्य लक्ष्य मान्ने नीति दोहोऱ्याएको छ । तर, जबलियास्थित प्रहरी चौकीमा त्यस्तो गतिविधि भएको प्रमाण उसले सार्वजनिक गरेको छैन । हमासले भने उक्त प्रहरी बलले केवल कानुन-व्यवस्था कायम गर्ने जिम्मेवारी निर्वाह गरिरहेको जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार कार्यालयले पनि गाजामा प्रहरीमाथि भइरहेका इजरायली आक्रमणप्रति चिन्ता व्यक्त गरेको छ । कार्यालयका अनुसार सन् २०२६ मा मात्रै प्रहरी कर्मचारीमाथि कम्तीमा एक दर्जन आक्रमण भएका छन् । ती आक्रमणमा ट्राफिक व्यवस्थापन र बजार क्षेत्रमा गस्ती गरिरहेका सुरक्षाकर्मीसमेत परेका छन् । प्रहरी र सशस्त्र समूहका सदस्यबिच इजरायली सेनाले पर्याप्त भिन्नता नगरेको देखिएको भन्दै कार्यालयले यसअघि नै चिन्ता व्यक्त गरेको थियो ।

इजरायलको इन्स्टिच्युट फर नेसनल सेक्युरिटी स्टडिजका अनुसन्धानकर्ता ओफेर गुटेरम्यानले हमासको केही प्रहरी संरचना र सैन्य संयन्त्र एकअर्कासँग जोडिएको इजरायलको

बाँकी पृष्ठ ८ मा

## ख्वप इन्जिनियरिङ कलेजमा सेमेस्टर टपर र गरिब तथा जेहनदार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण



भक्तपुर, ३२ असार । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा सेमेस्टर टपर तथा गरिब, जेहनदार विद्यार्थीलाई छात्रवृत्ति वितरण कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीलाई सक्षम, इमानदार र जिम्मेवार इन्जिनियर बनेर देश र जनताको सेवामा समर्पित हुन आग्रह गर्नुभयो ।

उहाँले ख्वप माध्यमिक विद्यालय स्थापना भएपछि त्यसैको निरन्तरतास्वरूप ख्वप इन्जिनियरिङ कलेज स्थापना भएको स्मरण गर्दै यस्ता शैक्षिक संस्थाहरूको स्थापनाले भक्तपुरलाई शैक्षिक केन्द्रका रूपमा स्थापित गर्न महत्त्वपूर्ण योगदान पुगेको बताउनुभयो ।

एक घर, एक स्नातक भन्ने अवधारणाले भक्तपुरको शैक्षिक तथा सामाजिक विकासलाई थप उचाइमा पुऱ्याएको उल्लेख गर्दै उहाँले ख्वप इन्जिनियरिङ कलेजबाट हरेक वर्ष ४०० भन्दा बढी इन्जिनियर उत्पादन भइरहेको जानकारी दिनुभयो ।

नगर प्रमुख प्रजापतिले शिक्षा नै समाज रूपान्तरणको सबैभन्दा प्रभावकारी माध्यम भएको उल्लेख गर्दै भक्तपुर त्यसको सफल उदाहरण बनेको बताउनुभयो । आर्थिक अभावकै कारण कुनै पनि विद्यार्थी उच्च शिक्षा हासिल गर्नबाट वञ्चित नहोस् भन्ने उद्देश्यले नगरपालिकाले विभिन्न प्रकारका छात्रवृत्ति वितरण गर्दै आएको उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले चालू आर्थिक वर्षदेखि भक्तपुर नगरपालिकाले उच्च शिक्षा अध्ययनका लागि अधिकतम ७ लाख रूपैयाँसम्मको शैक्षिक ऋण उपलब्ध गराउने व्यवस्था गरेको जानकारी दिँदै यसको सदुपयोग गरी आफ्नो भविष्य उज्ज्वल बनाउन विद्यार्थीहरूलाई आग्रह गर्नुभयो ।

नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेज मात्र नभई माध्यमिक तहको शिक्षा पनि सञ्चालन गर्दै आइरहेको बताउनुभयो । गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम र दक्ष शिक्षक आवश्यक पर्ने भएकाले नगरपालिकाले शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि नियमित रूपमा विभिन्न तालिम सञ्चालन गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

उहाँले शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकलाई योग्य, दक्ष र अनुसन्धानमुखी बनाउनु आवश्यक रहेको उल्लेख गर्दै शिक्षामा गरिएको लगानीले समग्र समाजको विकास र रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले ख्वप इन्जिनियरिङ कलेज भक्तपुर नगरपालिकाद्वारा सञ्चालन भइरहेको शैक्षिक संस्था भएकोले यसको उद्देश्य र

बाँकी पृष्ठ ७ मा

## सरकारको उपस्थिति खोइ ?

- रास्वपा सरकारले निजामती कर्मचारी ट्रेड युनियन खारेज गरेको केही दिनमै अस्थायी, करार, ज्यालादारी कर्मचारी संयुक्त सङ्घर्ष समितिले असार ३१ गते आफ्नो सेवा निरन्तरताको माग राखी सिंहदरबार परिसरमा विरोध प्रदर्शन गऱ्यो । सरकारमा पुगेका नेका, एमाले, माओवादीले विदेशीसँग ऋण ल्याएर कर्मचारीको तलब बढाउँदै शासन चलाएका थिए । ठीक त्यसरी नै रास्वपा सरकारले पनि कर्मचारीको बजेटमा २१ प्रतिशतसम्म तलब बढाउँदै शासन चलाउने तयारी गऱ्यो । रास्वपा सरकारले अस्थायी, करार, ज्यालादारी कर्मचारीहरूको समस्या सम्बोधन नगर्दा यतिबेला सिंहदरबारभित्रै निषेधित क्षेत्रमा जुलुस निस्कियो । रास्वपा सरकारले आन्दोलनरत कर्मचारीको समस्या सम्बोधन गर्छ कि जुलुस चालू राख्छ ?
- पुँजीवादी देशमा बरोबर आइपर्ने आर्थिक सङ्कट यतिखेर नेपालले पनि भोगिरहेको छ । नेपालको बैङ्क तथा वित्तीय संस्थामा १५ खर्ब ६० अर्ब रुपैयाँ ऋण दिन मिल्ने रकम (आर्थिक तरलता) थुप्रिएको सार्वजनिक भयो । अधिक तरलताको मुख्य कारणहरूमा न्यून कर्जा माग र बढ्दो विप्रेषण रकम हो । पुँजीवादी सरकारहरू आफूले उद्योग-व्यापार गर्न नहुने दाबी गर्छन् । निजी क्षेत्रले अधिक नाफा हुने भएमात्र कर्जा लिएर लगानी गर्छन् । यसकारण, अहिले नेपालका वित्तीय संस्थामा अधिक तरलता भएको हो । शासक दलहरू नेका, एमाले, माओवादी, रास्वपा मुखले समाजवादको कुरा गर्ने व्यवहारमा केही व्यक्तिको स्वार्थ पूर्तिमा लाग्ने हुँदा अधिक तरलता देखिएको हो ।
- कृषिप्रधान देश नेपालमा पैंतीस वर्षयता नेका, एमाले, माओवादी र रास्वपाको पालैपालो सरकार बनिरहेको छ । तर, कुनै पनि सरकारले किसानको हित हेरेन । रास्वपाको सरकार आएपछि किसानले गोलभेँडा प्रतिकिलो ८ रुपैयाँ तर बिचौलियाले ४५ रुपैयाँमा बेच्दैछ । यतिबेला गोलभेँडा खेती गर्ने किसानहरू माइतीघर मण्डलामा गोलभेँडा पोख्दै ‘हरियो क्रान्ति’ आन्दोलनमा छन् । मिटरब्याज पीडित, दूधको मूल्य नपाएका, उखुको भुक्तानी नपाएका, रासायनिक मल नपाएका किसानहरू यसरी नै आन्दोलनरत छन् । तर, सरकार आँखामा पट्टी बाँधेर बस्दै छ ।
- नेपाली जनता भारतबाट महँगोमा आयातीत ग्यासमा खाना पकाउन बाध्य छन् । यतिखेर रास्वपाको सरकारले १६५० मेगावाट जलविद्युत् भारतलाई बिक्री गर्ने तयारी गर्दै छ । रास्वपा सरकारले नेपालको बिजुली नेपाली जनतालाई सस्तोमा उपभोग गराई भारतसँगको व्यापारघाटा कम पार्नुपर्ने होइन ? के नयाँ दाबी गरेर आएको रास्वपा पनि नेका, एमाले, माओवादीजस्तो एउटै ड्याङको मूला हो र ?

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

**ख्वप कलेज**

देकोचा, भक्तपुर–६, नेपाल फोन: ६६१०९३२, ६६१८०३१

**मौजुदा सूची (Standing List) दर्ता गर्नेसम्बन्धी सूचना**

प्रकाशित मिति : २०८३/०४/०१ गते

आ.व. २०८३ र ८४ मा आवश्यक पर्ने तपसिलबमोजिमका सामानहरू आपूर्ति तथा सेवाहरू दिन इच्छुक बिक्रेता तथा सम्बन्धित कार्यमा इजाजत प्राप्त फर्म/कम्पनी, संस्था वा अधिकृत बिक्रेताहरू सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम **ख्वप कलेज**को लागि सूची अद्यावधिक गर्नुपर्ने भएकोले सूची दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । एकभन्दा बढी कार्यको लागि आवेदन दिन चाहेमा माग गरेका कागजातहरू संलग्न गरी छुट्टाछुट्टै निवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विवरण |
|---|---|
| १ | स्टेशनरी, मसलन्द तथा विविध कार्यालय सामानहरू आपूर्ति गर्ने । |
| २ | फर्निचर तथा फर्निसिङ सामान आपूर्ति तथा मर्मत गर्ने । |
| ३ | पुस्तक तथा पत्रपत्रिका आपूर्ति गर्ने । |
| ४ | विद्युतीय तथा इलेक्ट्रोनिक्स् सामानहरू आपूर्ति तथा मर्मत कार्य गर्ने । |
| ५ | विज्ञापन सेवा -पत्रपत्रिकामा छपाइ, रेडियो, एफ.एम. प्रशारण तथा अन्य विद्युतीय माध्यममा विज्ञापन सेवा । |
| ६ | निर्माणसम्बन्धी सम्पूर्ण कार्य, विविध निर्माण सामग्री आपूर्ति गर्ने । |
| ७ | छपाइसम्बन्धी सम्पूर्ण कार्य । |
| ८ | सवारी साधन भाडा, ढुवानी सेवा एवं मर्मत तथा पार्टपुर्जाहरू आपूर्ति गर्ने । |
| ९ | Internet तथा सफ्टवयेर सेवा दिने एवं विविध परामर्श सेवा सम्बन्धमा । |
| १० | प्रयोगशाला सामानहरू, रसायन, उपकरण तथा अन्य प्रयोगशालासम्बन्धी सामग्री आपूर्ति तथा मर्मत कार्य गर्ने । |
| ११ | पिउने पानी तथा सवारी इन्धन आपूर्ति गर्ने । |
| १२ | परिचयपत्र, फोटो छपाइ, फोटो/भिडियोग्राफी, साउन्ड सिस्टम भाडामा दिने एवं विविध सामान आपूर्ति गर्ने । |
| १३ | रेन्टल तथा क्याटरिङ सेवा, इभेन्ट म्यानेजमेन्ट तथा साउन्ड सिस्टम भाडामा दिने सेवा । |
| १४ | औषधि, सर्जिकल तथा सरसफाइसम्बन्धी सामान आपूर्ति गर्ने । |
| १५ | खेलकुदसम्बन्धी सामान, पुरस्कारहरू, ट्राभल एन्ड टुर प्याकेज कार्यक्रम । |
| १६ | पोशाक, कपडा तथा पोशाकसम्बन्धी अन्य सामग्री आपूर्ति गर्ने । |
| १७ | विविध । |

**संलग्न गर्नुपर्ने कागजातहरू:**

१) मू.अ.क. VAT दर्ता तथा पान PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२) फर्म, कम्पनी दर्ता तथा आवश्यकताअनुसारको व्यवसायिक इजाजतपत्रको प्रतिलिपि ।
३) आ.व. २०८१ र ८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४) कालो सूचीमा नरहेको स्वयम् घोषणापत्र ।

❖ निवेदनहरू सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विद्यालय र कलेजमा निहित रहनेछ ।
❖ निवेदन दर्ता बिहान ८:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म मात्र हुनेछ ।

**(विस्तृत जानकारीको लागि जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ ।)**



**जलमग्न माइतीघर क्षेत्र**

बिहीबार दिउँसोको वर्षापछि जलमग्न भएको काठमाडौंस्थित माइतीघर क्षेत्र। व्यवस्थित ढल निकास नहुँदा पछिल्ला वर्षायाममा काठमाडौं उपत्यकामा सामान्य वर्षामै सडक डुबानको समस्या बढ्दो छ। *तस्बिर : प्रगति ढकाल/रासस*

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ५७

**जिल्ला प्रशासन कार्यालय पर्सा :**

काठमाडौँमा युवाहरूको मृत्यु (हताहत) भएको खबरबाट भदौ २३ गते अन्दाजी दिनको ५:०० बजेपछि आन्दोलनकारीहरू घण्टाघरमा जम्मा भएका हुन्। प्रदर्शनकारीहरूले साँझ ६-७ बजेदेखि ट्राफिक डिभाइडर तोडफोड गर्ने, आगजनी गर्नेसमेतका कार्य सुरु गरे। राति ९:०० बजेदेखि भदौ २४ गते बिहान ९:०० बजेसम्म वीरगञ्ज बजारको निश्चित क्षेत्रमा कर्फ्यु आदेश जारी गरिएको थियो।

भदौ २४ गते दिनको ११:०० बजेदेखि पुन: कर्फ्यु जारी गरी नेपाली सेनालाई समेत कर्फ्यु आदेश तोकिएको क्षेत्रमा परिचालन हुन अनुरोध गरिएको हो। तर, नेपाली सेनाले सेना फिल्डमा खटिँदा बल प्रयोग गर्ने स्थितिमा मानवीय क्षति हुन सक्ने आकलन गरी आफ्नो तालुक निकायको निर्देशन पर्खिँदै थियो।

सामाजिक सञ्जालमा दिनको करिब १-२ बजेतिर काठमाडौँमा सिंहदरबार, व्यवस्थापिका संसद् रहेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र भवन, सर्वोच्च अदालत, राष्ट्रपति कार्यालयलगायतका महत्त्वपूर्ण निकायमा भएको क्षतिको समाचार आएपछि जिल्लामा उत्तेजित भएको भिडले घण्टाघर नजिकको प्रहरी बिट, नेपाल टेलिकमको कार्यालय र सवारी साधनमा तोडफोड आगजनी गरे। तत्पश्चात् वीरगञ्ज महानगरपालिकालगायत व्यक्तिका घरमा समेत तोडफोड, लुटपाट र आगजनी भयो।

भदौ २३ गते बालसुधार गृहबाट केही बालबालिका गेट तोडेर भागे। भदौ २५ गते बिहान कारागारको कम्पाउन्ड वालमा प्वाल खनेर कैदी भाग्न खोज्दा माइकिङ गरी सम्झाइबुझाइ रोक्ने काम भयो।

आन्दोलनकारीहरूले वीरगञ्ज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहेका प्राय: सबैजसो भवन र सवारी साधनहरूमा आगजनी गरे। प्रदीप यादव, पूर्वमन्त्री एवम् पूर्वप्रतिनिधि सभा सदस्य, अजय चौरसिया, पूर्वमन्त्री एवम् प्रतिनिधिसभा सदस्य राजकुमार गुप्ता, पूर्वमन्त्री एवम् प्रतिनिधिसभा सदस्य लालबाबु राउत, पूर्वमन्त्री, मधेश प्रदेशको घरसँगै रहेको २ वटा चारपाङ्ग्रे सवारी साधनमा समेत आगजनी गरे। अनिल रुङ्गटा, संविधानसभा सदस्य, निजको घर कम्पाउन्डमा रहेका ४ घरमध्ये ३ घर पूर्णरूपले क्षति हुनुका साथै सवारी साधनमा समेत आगजनी र तोडफोड भएको थियो। आगजनीको क्रममा घरभित्र परेकी एक जना कामदार शिलादेवी दुसारिन जलेर घाइते भइन् भने उनको उपचारको क्रममा काठमाडौँमा निधन भयो। वीरगञ्ज महानगरपालिकाका प्रमुखको दुईवटा घरमध्ये एउटा घर पूर्णरूपले क्षति भयो भने अर्को घरको भुइँतला र पहिलो तलामा आगजनी र माथिल्लो तलामा तोडफोड भयो।

नेपाल टेलिकम घण्टाघर कार्यालयमा भुइँतला पूर्णरूपमा क्षति हुनुका साथै माथिल्लो तलाको व्याट्रीमा आगजनी र तोडफोड भयो। कार्यालय भित्र र परिसरमा रहेका सवारी साधन चारपाङ्ग्रे गाडी, अटोरिक्सा, मोटरसाइकलसमेत ६ वटा साधन जलेर नष्ट भए। आन्तरिक राजस्व कार्यालयको मोटरसाइकलमा आगजनी, भुइँतलामा रहेका अभिलेखलगायतका कागजात जलेर नष्ट भएको, माथिल्लो तलामा तोडफोड, लुटपाट, उच्च अदालत, जनकपुर वीरगञ्ज अदालतको गेटमा तोडफोड हुनुका साथै तीनवटा मोटरसाइकलमा आगजनी भयो। यातायात व्यवस्था कार्यालय वीरगञ्जमा तोडफोड र आगजनी, वीरगञ्ज महानगरपालिकाका वडा नं. ९, १०, ११, १४, २१, २६ र ३१ का वडा कार्यालयहरू, जिल्ला प्रहरी कार्यालयअन्तर्गतका इलाका प्रहरी, प्रहरी चौकी र प्रहरी बिटसमेतका भवन, कारागार कार्यालय, पर्सा कारागारको गेट तोडफोड भयो। बालसुधार गृहमा समेत तोडफोड गरी बालबन्दीहरू सुधारगृहबाट भागे।

भदौ २४ गते सरकारी भवन एवम् व्यक्तिको निजी घर तथा सवारी साधनमा आगजनी, तोडफोड, लुटपाट गर्नमा घुसपैठ भई अन्य उमेर समूहका व्यक्ति, समाजका उद्दण्ड र नकारात्मक सोच भएका व्यक्ति एवम् सवारी चालक, सहचालक, कलकारखानाहरूमा कार्यरत मजदुरहरू रहेको अनुमान गरिएको छ।

**सुरक्षा निकायहरूको परिचालन र समन्वय :**

भदौ २४ गते अप्रिय घटना घट्न सक्ने पूर्वानुमान गरी कर्फ्यु आदेश जारी गरिएको थियो। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट मात्र शान्ति सुरक्षा कायम गर्न असम्भव भएकोले नेपाली सेना परिचालन गर्न लिखित एवम् मौखिक अनुरोध गरिएको थियो। तर, नेपाली सेनाको केन्द्रीय कमान्डको आदेशानुसार भदौ २४ गते राति १०:०० बजेपछि मात्र नेपाली सेना परिचालन भएको थियो।

पर्सा जिल्लामा भदौ २४ गते राति १०:०० बजे नेपाली सेना परिचालन भएपछि जिल्ला सदरमुकामबाट टाढा रहेका केही स्थानीय तह र वडा कार्यालयमा तोडफोड एवम् आगजनीबाहेकका घटना भएका छैनन्।

**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.**
सू.न.पा.-८, भक्तपुर, ०१६६१४३०५/६६१४६०५

**कर्जा चुक्ता गर्नेसम्बन्धी ३५ (पैँतीस) दिने अत्यन्त जरुरी सूचना**

(प्रथमपटक प्रकाशित मिति: २०८३/०४/०१)

यस सङ्घबाट विभिन्न मितिमा कर्जा लिई तोकिएको भाखाभित्र सावाँ, ब्याज तथा हर्जाना रकम भुक्तानी नगरी कर्जासम्बन्धी सर्त एवं बन्देजहरू उल्लङ्घन गर्ने तपसिलका ऋणी सदस्य संस्थाहरूका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। मौखिक तथा लिखित ताकेतालाई बेवास्ता गरी कर्जा चुक्ता गर्न आलटाल गरिएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र सम्पूर्ण बाँकी बक्यौता सावाँ, ब्याज, हर्जाना र अन्य दस्तुरसमेत एकमुष्ट चुक्ता फछ्र्यौट गर्नुहुन सम्बन्धित ऋणी संस्था, धितोदाता तथा जमानीकर्ता ऋणी संस्थाका सञ्चालक समिति पदाधिकारी एवं सदस्यहरूलाई सूचित गरिन्छ। तोकिएको म्यादभित्र कर्जा चुक्ता नगरेमा प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

**तपसिल**

१. **ऋणी संस्थाको नाम** : भक्तपुर पर्यटन विकास बचत तथा ऋण सहकारी संस्था लि.
**रजिस्टर्ड ठेगाना** : भ.न.पा. ११, हाल भ.न.पा. ४, राममन्दिर, भक्तपुर
**दर्ता नं.** : साबिक डिभिजन सहकारी कार्यालय भक्तपुरबाट दर्ता : ४८८/०६७/६८

२. **ऋणी संस्थाको नाम** : सागबारी बचत तथा ऋण सहकारी संस्था लि.
**रजिस्टर्ड ठेगाना** : म.थि.न.पा. १५, हाल म.थि.न.पा. ३, कौशलटार, भक्तपुर
**दर्ता नं.** : साबिक डिभिजन सहकारी कार्यालय भक्तपुरबाट दर्ता : ५८१(४६२)२०६६/०६७

# टिबुक्छेँमा दही विनायक द्योछेँको शिलान्यास



भक्तपुर, ३२ असार। धेरै वर्षदेखि अलपत्र अवस्थामा रहिरहेको सुकुलढोका टिबुक्छेँस्थित दहीविनायक द्योछेँको पुनर्निर्माणको लागि भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले बुधबार शिलान्यास (जग साइत) गर्नुभयो।

विगत दुई वर्षदेखि स्थानीय टोलवासी र वडा कार्यालयको पहलमा अध्ययन, अनुसन्धान र कागजातहरू खोजीनीति गर्दै आएको हो। सो द्योछेँको संरक्षकको रूपमा टिबुक्छेँका स्थानीयहरू इन्द्रप्रसाद जोन्छे, रामगोपाल प्रधानाङ्ग, विष्णुहरि प्रधानाङ्ग र रत्नबहादुर धौबन्जार रहिआएको स्थानीय अगुवा नवराज धौबन्जारले बताउनुभयो।

पटक-पटक टोलवासी र वडाको पहलमा सो स्थानमा सरसफाइ गरिसकेपश्चात् भक्तपुर नगरपीलकाको सम्पदा शाखाबाट उत्खनन कार्य गरी पुरानो जगसमेत भेटाएको सम्पदा शाखाका सरिता धुख्वाले बताउनुभयो।

स्थानीयवासीको सहभागितामा बनेको उपभोक्ता समितिका अध्यक्ष रनेशराज राजोपाध्यायले अब पुन: निर्माण कार्य अगाडि बढ्ने र यसका लागि नगरपालिकाले रु. ६० लाख बजेटको व्यवस्था गरेको बताउनुभयो। परापूर्वकालदेखि टिबुक्छेँमा ङालाकेगु जात्रामा नवदुर्गा गणका ख्वपाहरू राखिने र गणका सदस्यहरू आरामसमेत गर्नुपर्ने दलानहरू घरमालिकहरूले बन्द गर्न थालेपछि जात्रामा नाचगणहरूसमेत अप्ठेरोमा पर्दै आएका थिए। सो द्योछेँ निर्माणपछि ङालाकेगु जात्रा सञ्चालनमा सहज हुने तथा सो सार्वजनिक स्थल सुरक्षित हुने पूर्ववडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले व्यक्त गर्नुभयो।

# श्वेत भैरव साकोसद्वारा रजोनिवृत्तिसम्बन्धी अभिमुखीकरण

भक्तपुर, ३२ असार। श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि. जेलाँको स्वास्थ्य उपसमितिको आयोजनामा ख्वप अस्पतालको प्राविधिक सहयोगमा रजोनिवृत्ति (Meno-pause) सम्बन्धी अभिमुखीकरण कार्यक्रम संस्थाकै कार्यालय भवनमा बुधबार सम्पन्न भयो।

सो कार्यक्रममा संस्थाका अध्यक्ष जीतेन्द्र खायमलीले सहकारी ठगीसम्बन्धी समस्याबारे छलफल गरी एक आपसमा मिलेर समस्या समाधान गर्नुपर्ने बताउनुभयो। उहाँले आफ्नो समस्या खुलेर व्यक्त गर्न नसकिने यो समाजमा यस कार्यक्रमले अप्रत्यक्ष रूपमा राम्रो शिक्षा प्रदान गर्ने बताउनुभयो।

डा. सुनिता ब्यन्जनकारले नेपालमा प्राय: ४५ देखि ५५ वर्षभित्र रजोनिवृत्ति हुने र सो अवस्थामा प्रेसर बढ्ने, मुटुमा समस्या देखिने, एक्कासि गर्मी हुने, चिसो हुने, रिस उठ्ने, पिसाबको समस्या हुने, मोटाउने तथा निन्द्रा नलाग्ने समस्याहरू देखापर्न सक्ने बताउनुभयो। महिनावारी सुकेपछि फेरि महिनावारी भएमा, लामो समयसम्म रगत बगेमा डाक्टरसँग भेट्नुपर्ने उहाँले बताउनुभयो।


संस्थाका कानुनी सल्लाहकार महेन्द्र खायमलीले जुनसुकै समस्या पनि खुलेर भन्ने, समसामयिक विषयमा सल्लाह सुझाव आदानप्रदान गर्ने वातावरण यस्ता कार्यक्रमबाट प्राप्त हुने बताउनुभयो। उहाँले समाजमा नकारात्मक कुराको विरोध गर्ने क्षमता विकास हुने हुँदा कार्यक्रममा सहभागी भई लाभान्वित हुनुपर्ने बताउनुभयो।

उपसमितिका संयोजक रीता लाखेमरुले यस स्वास्थ्य उपसमितिले समयअनुसार सान्दर्भिक विभिन्न कार्यक्रमहरू गर्दै आएको र महिलाहरूमा देखिने समस्या आफैले थाहा पाउने र त्यससम्बन्धी उपचारहरू समयमै गराउनुपर्ने तथा आफूलाई परेको समस्याबारे खुलेर भन्नुपर्ने बताउनुभयो।

उपसमितिका सदस्य सुमित्रा बोहजुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

**हार्दिक समवेदना**

"जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।"



जन्म
१९८८/०१/०७

स्वर्गारोहण
२०८३/०३/२६

यस च्वङा गणेश धिमे खल:का सदस्य लक्ष्मीप्रसाद दुवालका पूजनीय पिता **लक्ष्मीभक्त दुवाल**को असामयिक अवसानप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवङ्गत पुण्यात्माको वैकुण्ठ बासको कामनासहित शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक श्रद्धासुमन अर्पण गर्द छौँ।

**च्वङा गणेश धिमे खल: परिवार**
सल्लाघारी - १, भक्तपुर

# तीन महिनामा ९० हजार लाइसेन्स वितरण, १९ करोड ८२ लाख राजस्व सङ्कलन

भक्तपुर, ३२ असार। बितेका तीन महिनामा यातायात व्यवस्था कार्यालय, भक्तपुरले ९० हजार थान सवारीचालक अनुमतिपत्र वितरण गरेको छ।

यसबाट राज्यकोषमा रु. १९ करोड ८२ लाख दाखिला भएको छ। उक्त अवधिमा दुई लाख ३८ हजार लाइसेन्स छापिएकामा ९० हजार सेवाग्राहीलाई प्रदान गरिएको उक्त कार्यालयका प्रमुख प्रविण श्रेष्ठले राससलाई जानकारी दिनुभयो।

हाल दैनिक एक हजारदेखि एक हजार ८०० सेवाग्राहीलाई अनुमतिपत्र प्रदान हुँदै आएको छ। ***(रासस)***

# लघु उद्यमीलाई प्रविधि हस्तान्तरण बजारीकरण परामर्श तथा प्रमाणपत्र वितरण




भक्तपुर, ३२ असार । भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को 'मेडपा' कार्यक्रमअन्तर्गत लघु उद्यमीहरूका लागि लघुवित्तमा पहुँच, प्रविधि हस्तान्तरण, बजारीकरण परामर्श तथा प्रमाणपत्र वितरण कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले तालिमलाई सहभागीहरूले दक्ष व्यवसायी बन्ने अवसरको रूपमा उपयोग गर्न आग्रह गर्नुभयो ।

नगरपालिकाले यस्ता तालिममार्फत स्थानीय कला तथा हस्तकलाको संरक्षण, उद्यमशीलताको विकास, स्वरोजगार प्रवर्द्धन र आयआर्जन वृद्धि गर्ने उद्देश्य राखेको उहाँले बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले भन्नुभयो, "उद्यमीमा आत्मविश्वास, मेहनत र दृढ इच्छाशक्ति भए सफलता हासिल गर्न सकिन्छ । आज सिकेको सीपले भोलिको सफल व्यवसायी बन्न सहयोग गर्न सक्छ ।"

कामलाई सम्मान गरे कामले पनि व्यक्तिलाई सम्मान दिलाउने धारणा व्यक्त गर्दै प्रमुख प्रजापतिले युवालाई उद्यमशीलतातर्फ आकर्षित गर्न भक्तपुर नगरपालिकाले युवा उद्यमशीलता कार्यक्रमअन्तर्गत रु. ५ लाखसम्म सहुलियतपूर्ण ऋण उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो ।

भाग्यभन्दा मेहनतमा विश्वास गर्नुपर्ने उल्लेख गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, "सफलता प्राप्त गर्न निरन्तर परिश्रम र लगनशीलता आवश्यक रहन्छ । आफ्नै सीप, मेहनत र दृढ इच्छाशक्तिका साथ काम गरे सफलता अवश्य प्राप्त गर्न सकिन्छ ।"

उपप्रमुख रजनी जोशीले सीपमूलक तालिमबाट सीप सिकेर आयआर्जन गर्दै आत्मनिर्भर बन्नुपर्ने बताउनुभयो ।

उद्यमीहरूले भक्तपुरको स्थानीय कला, संस्कृति र मौलिक पहिचानसँग जोडिएका वस्तु उत्पादन गर्न सिकेको उल्लेख गर्दै यस्ता उत्पादनले भक्तपुरको पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

सहभागी उद्यमी शर्मिला हेंगोजूले तालिम उपयोगी र प्रभावकारी भएकोले तालिमबाट नयाँ सीप र ज्ञान हासिल भएको बताउनुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापति र उपप्रमुख जोशीले तालिममा सहभागी उद्यमी र प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

थाङ्का, चित्रकला, काष्ठकला, ब्याग, जुत्ता, मुकुन्डो तथा माटाका भाँडाकुँडा निर्माणसम्बन्धी तालिम सञ्चालन गरिएको थियो । सहभागीहरूलाई दक्ष प्रशिक्षकमार्फत सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान गरिएको थियो ।



**धान रोपाइँ**

चन्द्रनहरमा पानी दिएपछि सप्तरीको कञ्चनरुप नगरपालिकास्थित कञ्चनपुर बदगामा क्षेत्रमा धान रोप्दै किसान । यस भेगमा अकाशेपानी र नहरको भरमा धानखेती गर्नुपरेको स्थानीय बताउँछन् । *तस्बिर: अरुणकुमार यादव/रासस*

# महासङ्घका नव–निर्वाचित पदाधिकारीहरूलाई बधाई तथा शुभकामना कार्यक्रम

भक्तपुर, ३२ असार । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ र भक्तपुर घरेलु बचत तथा ऋण सहकारी संस्था लिमिटेडको संयुक्त आयोजनामा नेपाल घरेलु तथा साना उद्योग महासङ्घको हालै सम्पन्न २६ औँ राष्ट्रिय अधिवेशन र महिला उद्यमी समितिको २३ औँ राष्ट्रिय सम्मेलनबाट निर्वाचित पदाधिकारीहरूलाई बधाई तथा शुभकामना ज्ञापन गरिएको छ ।

सो अवसरमा नवनिर्वाचित महासङ्घकी अध्यक्ष शोभा गुरुङले भक्तपुर घरेलु सङ्घ र भक्तपुर साकोसप्रति आभार व्यक्त गर्नुभयो । आफूलाई विश्वास गरेर अमूल्य मत दिई नेतृत्व सुम्पिएकोमा कृतज्ञता प्रकट गर्दै उहाँले आफ्नो कार्यकाल मुलुकभरका लघु, घरेलु तथा साना उद्योगहरूको हक, हित, प्रवर्द्धन र उत्थानका लागि पूर्ण रूपमा समर्पित हुने बताउनुभयो ।

अध्यक्ष गुरुङले भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको उत्कृष्ट व्यवस्थापन र गतिविधिको उच्च प्रशंसा गर्नुभयो ।

महासङ्घका निवर्तमान अध्यक्ष उमेशप्रसाद सिंहले स्थापनाकालदेखि नै महासङ्घले साना तथा घरेलु उद्यमीहरूको अधिकार र हितका लागि निरन्तर काम गर्दै आएको स्मरण गर्नुभयो । आगामी दिनहरूमा पनि महासङ्घलाई आवश्यक परेको खण्डमा जुनसुकै बेला पनि रचनात्मक सहयोग र सल्लाह दिइरहने उहाँले वचन दिनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका संस्थापक एवं महासङ्घका निवर्तमान उपाध्यक्ष चन्दनकृष्ण श्रेष्ठले जिल्लाको प्रतिनिधित्व गरेर केन्द्रमा पुग्ने तर केन्द्रमा पुगेपछि आफ्नो जग (जिल्ला) लाई बिर्सने र दायित्व पूरा नगर्ने प्रवृत्ति स्वीकार्य हुँदैन भन्नुभयो ।

उहाँले थप्नुभयो, "संस्थालाई अगाडि बढाउने हो भने खुट्टा तान्ने प्रवृत्ति सदाका लागि अन्त्य हुनुपर्छ । सबैले मिलेर नवनिर्वाचित अध्यक्षलाई काम गर्ने वातावरण बनाउनुपर्छ र सहयोग गर्नुपर्छ ।"

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका निवर्तमान अध्यक्ष प्रेम खर्बुजाले भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आफ्नै भवन निर्माण कार्यमा महासङ्घले पुऱ्याएको योगदानको चर्चा गर्नुभयो । उहाँले जिल्ला सङ्घबाट काम गर्ने सिलसिलामा भूलवश कुनै गल्ती भएमा महासङ्घले अभिभावकीय भूमिका निर्वाह गर्दै रचनात्मक सुझाव दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठको सभापतित्वमा भएको सो बधाई तथा शुभकामना कार्यक्रममा डम्बरप्रसाद रेग्मी (वरिष्ठ उपाध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ), सत्यनारायण प्रजापति (उपाध्यक्ष, महासङ्घ), वीरेन्द्र जति (कोषाध्यक्ष, महासङ्घ), रीता अवाल (अध्यक्ष, केन्द्रीय महिला उद्यमी समिति), लक्ष्मण ग्वाछा (अध्यक्ष, भक्तपुर घरेलु साकोस), राजु श्रेष्ठ (सदस्य, भक्तपुर घरेलु साकोस), कमलश्वरी खर्बुजा (सभापति, महिला उद्यमी समिति), सृजना कक्षपति (सचिव, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ)ले लघु, घरेलु तथा साना उद्योग एवं उद्यमीहरूको दिगो विकास र प्रवर्द्धनका लागि स्थानीय सङ्घहरूले खेलिरहेको भूमिकाबारे चर्चा गर्नुभएको थियो ।

# नसर्ने रोग (प्रेसर, सुगर, पिसाब, हाइट र वेट) परीक्षण निःशुल्क स्वास्थ्य शिविर

भक्तपुर, ३२ असार । भक्तपुर नगरपालिका १ नं. वडा कार्यालयको आयोजनामा वडा नं. १ सल्लाघारी मु:पुज्व टोलमा नसर्ने रोग (प्रेसर, सुगर, पिसाब, हाइट र वेट) परीक्षण निःशुल्क स्वास्थ्य शिविर बिहीबार सम्पन्न भयो । उक्त कार्यक्रममा १४७ जनाले उक्त रोगको परीक्षण गरिएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिका १ नं. वडाका वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाले विशेष महत्त्वका साथ गर्दै आएको स्वास्थ्य, शिक्षा, सरसफाइ, सम्पदा संरक्षण र विकास निर्माणलगायत अन्य गतिविधिबारे बताउनुभयो । उहाँले स्वास्थ्यसम्बन्धी नसर्ने रोगको निःशुल्क परीक्षण गरिएको बताउनुभयो । उहाँले वर्तमान परिवेशमा नसर्ने रोगले नगरवासीहरू धेरै पीडित भएको पाएकोले समय समयमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हो भन्नुभयो ।

उहाँले नगरवासीहरूको स्वास्थ्यलाई मध्यनजर गरी वर्षैपिच्छे विभिन्न रोगहरू (पाठेघरको मुखको परीक्षण, स्तन क्यान्सर, नाक, कान, घाँटीको परीक्षणलगायत) को निःशुल्क परीक्षणको लागि स्वास्थ्य शिविर सञ्चालन गरिएको जानकारी दिनुभयो ।

गर्मीयामको समयमा लामखुट्टेको टोकाइबाट हुने डेङ्गु रोगबाट बच्नको लागि सजग हुन उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रममा वडा सदस्य सूर्यप्रसाद श्रेष्ठ, समाजसेवी कृष्णबहादुर दुगुजु र वडा नर्स एन्जिला मुनंकर्मीले पनि बोल्नुभयो ।

## सङ्क्षिप्त समाचार

# वैदेशिक रोजगार कसुर मुद्दामा फरार दुई प्रतिवादी पक्राउ

काठमाडौँ, ३२ असार । वैदेशिक रोजगारसम्बन्धी कसुर मुद्दामा फरार दुई प्रतिवादी पक्राउ गरेका छन् ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार ललितपुर महालक्ष्मी नगरपालिका–२ इमाडोल बस्ने रूकुम मुसिकोट नगरपालिका–३ घर भएका ४७ वर्षीय रामचन्द्र खड्का र बूढानीलकण्ठ नगरपालिका पासीकोट बस्ने रूकुम पूर्व पुथा उत्तरगङ्गा गाउँपालिका–८ घर भएका ४८ वर्षीय पूर्णबहादुर मल्ल पक्राउ परेका हुन् ।

वैदेशिक रोजगार न्यायाधिकरणबाट गत जेठ ११ गते पक्राउ अनुमति प्राप्त भएका खड्का फरार रहेको अवस्थामा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले ललितपुरको इमाडोलबाट पक्राउ गरेको हो ।

जिल्ला अदालत ललितपुरबाट उक्त मुद्दामा पक्राउ पुर्जी जारी भई फरार रहेका मल्ल बूढानीलकण्ठबाट पक्राउ परेका हुन् । आवश्यक कारबाहीका लागि खड्कालाई वैदेशिक रोजगार विभाग र मल्ललाई जिल्ला प्रहरी परिसर ललितपुर पठाइएको छ । ***(रासस)***

# लागूऔषधसहित २५ जना पक्राउ

काठमाडौँ, ३२ असार । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट लागुऔषधसहित २५ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सुनसरी र कैलालीबाट छ/छ, झापा र मोरङबाट तीन/तीन, नुवाकोट, सुर्खेत र स्याङ्जाबाट दुई/दुई र सिरहाबाट एक जना पक्राउ परेका हुन् ।

प्रहरीले उनीहरूको साथबाट लागुऔषध खैरो हेरोइन तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने औषधि बुप्रेनोर्फिन र डाइजेपाम बरामद गरेको छ । ***(रासस)***

# बुकीपाटनमा प्लास्टिकजन्य फोहर व्यवस्थापनको चुनौती

ढोरपाटन (बागलुङ), ३२ असार । नेपालका एक मात्र सिकार आरक्ष ढोरपाटनस्थित बुकीपाटनमा पर्यटकको आकर्षण बढेसँगै नकुहिने फोहर बढ्न थालेको छ । पर्यटकले जथाभावी फोहरले फाल्दा बुकीपाटनको स्वच्छताको छवि धुमलिन थालेको छ । पर्यटकले प्लास्टिकका बोतल, चाउचाउ, विस्कुटका प्लास्टिक र बियर बोतललगायत छरपस्ट छोड्दा पर्यावरणमा असर पर्ने चिन्ता बढेको छ ।

चार वर्ष अगाडिसम्म गोठाला बस्ने बुकीपाटनमा पछिल्लो समय दैनिक सयौँ पर्यटक बुकीपाटन पुग्न थालेपछि फोहर बढ्न थालेको ढोरपाटन नगरपालिका–९ का तीर्थबहादुर घर्तीमगरले बताउनुभयो ।

पाटनभरी छरिएका प्लास्टिक र बोतलले सौन्दर्यलाई कुरूप बनाएको घर्ती मगरले सुनाउनुभयो । पर्यटकले जथाभावी फोहर गर्ने मात्र नभइ बुकीपाटनका फूलसमेत कोपिलामै टिप्दा वनफूल नै मासिने जोखिम बढेको छ । समुन्द्री सतहदेखि चार हजार २०० माथिको क्षेत्रमा प्लास्टिक र सिसाजन्य फोहर बढ्दा सरसफाइ गर्ने चासो कुनै पनि निकायले नदेखाएको स्थानीयको गुनासो छ ।

बुकीपाटन बागलुङको एउटा अनुपम सम्पत्ति भएकाले त्यहाँको सुन्दरताको बयान जति नै गरे पनि कम हुनेछ । त्यहाँको सुन्दरतासँग रमाउन दैनिक सयौँ पर्यटक बुकीपाटन पुग्ने गरेकामा पछिल्लो समय त्यस क्षेत्रको अवलोकन गर्न जाने व्यक्तिले प्लास्टिक र सिसामा खानेकुरा बोकेर जाने र खाएपछि त्यही नै फ्याँकेर हिड्ने प्रवृत्ति वातावरण संरक्षणका लागि घातक देखिएको छ ।

बुकीपाटन क्षेत्रमा मात्रै नभई ढोरपाटन उपत्यकाको पाखाथरदेखि उकालो लागेपछि पदमार्गका छेउछाउ, कोल्सा, डाँडा, खोला र बुकीपाटनसम्मै बिस्कुट, चाउचाउका प्लास्टिक, सिसा, रेडबुल र पानीका बोत्तल छरपस्ट भेटिन्छन् । त्यस्ता फोहोर व्यवस्थापनमा सिकार आरक्षले पनि चासो दिनुपर्ने स्थानीयको भनाइ छ ।

बुकीपाटनमा पर्यटकले फालेको प्लास्टिकजन्य फोहर घाँसमा मिसिर वस्तुभाउले खाँदा बिरामी परेर मर्ने गरेको ढोरपाटन नगरपालिका–६ का किसान तुलबहादुर अदैले गुनासो गर्नुभयो । फोहोर फल्नका लागि गोठालाले ठाउँठाउँमा खाल्डो निर्माण गरी दिएपछि पर्यटकले जथाभावी फल्ने गरेको स्थानीयको भनाइ छ । बुकीपाटनको गर्पाछेडा, दहखर्क, फुर्सेदेउराली, टीकाधारा, फागुने क्षेत्रमा बढी फोहर गरेको स्थानीय अदै बताउनुहुन्छ ।

स्थानीय कुलबहादुर विकले अघिल्लो वर्ष बुकीपाटनमा छरिएका प्लास्टिक खाएर करिब ६० वटा भेडाबाखा र गाईभैंसी बिरामी परेको बताउनुभयो । पोसिलो घाँस खुवाउन बागलुङसहित रोल्पा, रुकुम, डोल्पा र म्याग्दीबाट गोठालाले आफ्ना वस्तुभाउ लिएर त्यहाँ जाने गरेका छन् । ***(रासस)***

**। सम्पादकीय ।**

## सरकारको कार्यशैलीप्रति सत्तारुढ दलका नेता र सांसदहरू नै असन्तुष्ट

बालेनको नेतृत्वमा बनेको रास्वपाको सरकारप्रति प्रतिपक्ष दल, नागरिक समाज, युवा, विद्यार्थी, मिटरब्याज पीडित, सुकुमवासी, उखु कृषक, अस्थायी तथा करार कर्मचारी, शिक्षक, प्राध्यापक, स्वास्थ्यकर्मी मात्र होइन, सत्तारुढ दलका नेता, सांसद र कार्यकर्ता पनि असन्तुष्ट छन्। रास्वपा सरकारको कार्यशैली र निर्णयको विरोधमा आफ्नै दलका सांसदहरूले सरकारलाई खबरदारी गर्न थालेका छन्। असार ३१ गते प्रकाशित 'कान्तिपुर' दैनिकमा 'रास्वपा सांसदले नै गर्न थाले सरकारको आलोचना' शीर्षकको समाचार छापियो। यही बेला प्रधानमन्त्री बालेन र रास्वपाका सभापति रवि लमिछानेबिच मतमतान्तर बढेको र मन्त्रीहरूको काम चित्त नबुझेको हुँदा मन्त्रिमण्डल हेरफेर हुन लागेको चर्चाले मन्त्रीहरू पनि असन्तुष्ट हुन थालेका छन्।

रास्वपाभित्र असल, इमानदार, देशभक्त, निःस्वार्थी, देश र जनताप्रति समर्पित नेता, मन्त्री, सांसद र कार्यकर्ता छन् भने सरकार र पार्टीले गरेको जनविरोधी निर्णय र देशविरोधी कार्यको विरोध गर्नुपर्छ; विरोध गरेर खबरदारी गर्नुपर्छ। सरकारको गलत निर्णय र नीतिको समयमै खबरदारी गरिएन भने दल र सरकारको बदनाम मात्र होइन देश उन्नतितर्फ होइन अधोगति तर्फ जानेछ; देशमा विकास होइन विनास बढी हुनेछ। जनतामा विश्वास होइन अविश्वासको खाडल बढ्नेछ। अहिले देशमा एकपछि अर्को जनताको विरोधको स्वर बढ्दै छ; आक्रोशको स्वर जिल्ला -जिल्लामा फैलिँदै छ। यस्तै स्वर भोलि गाउँ-बस्तीमा पुग्नेछ र सरकार र सत्तारुढ दल नैतिक रूपमा पतन हुनेछ। सरकार र सत्तारुढ दलले जे गरे पनि, जे बोले पनि ठीक भन्ने मानसिकता दास मानसिकता हो; जस्तो गल्ती गरे पनि गल्ती छोपेर अन्ध समर्थन गर्ने प्रवृत्ति बढ्दै गएमा देश एक दिन खाल्डोमा पर्नेछ। यसले सरकार नढले पनि हालैको निर्वाचनमा नेका र एमाले नराम्रोसँग हारेझैं अर्को निर्वाचनमा रास्वपा नराम्रोसँग हार्नेमा शङ्का छैन। रास्वपाले पाएको मत रास्वपाको सैद्धान्तिक र वैचारिक मत होइन। नयाँ सरकारले केही गर्ला कि भन्ने आशा र विश्वासले रास्वपाले बहुमत पाएको हो। यो कुरा अहिले आन्दोलनमा उत्रेका विभिन्न पेसा र क्षेत्रका व्यक्तिहरूले सरकारप्रति असन्तोष पोखेको विचारबाट थाहा हुन्छ।

सरकारको गलत नीति, निर्णय र कार्य कसैले चाहेर पनि छोपेर राख्न सक्दैन। ढिलो वा चाँडो जनताको बिचमा पुग्नेछ। अरु त अरु सत्तारुढ दलका सांसदहरूले पनि सरकारी कार्यशैली पनि असन्तोष व्यक्त गर्दै खबरदारी गर्न थालेका छन्। रास्वपाका सचेतक प्रकाशचन्द्र परियारले "हामी सत्तामा छौं भन्दैमा कसैका स्वार्थहरू ठोक्किँदैमा प्रेसमाथि हुने कुनै पनि शैलीको त्रासदी र अराजकताको साक्षी हुन नपरोस्" भने। रास्वपाका सांसद जगदीश खरेलले भने, "प्रधानमन्त्रीको मात्र गरिमा बचेर यो सरकार रहनेवाला छैन। हाम्रो (सांसद) को पनि गरिमा बढ्नुपर्छ। सांसदको भूमिका यहाँ ढ्यापढयाप गर्ने मात्रै हो ?" "सर्वसाधारणले सामान ल्याउँदा बरामद गर्ने तर तस्करले ओसार्ने लागूऔषध नदेख्ने गृहमन्त्रीको मौनतालाई जनताले चासोका साथ नियालिरहेका छन्।" रास्वपा सांसद अफसाना बानुले भने।

सुकुमवासीको व्यवस्थापन वाचाअनुसार नभएकी हुँदा राज्यको कमजोरी र अक्षमता उजागर भएको टिप्पणी पनि रास्वपाकै सांसदहरूले गरे। असार मसान्तभित्र साक्षर नेपाल घोषणा गर्ने सरकारको लक्ष्य छ। तर, त्यो लक्ष्य पनि पूरा गर्न सकिएन। मधेस प्रदेशका १२३ पालिका साक्षर हुन नसकेको कारण नेपाल साक्षर मुलुक हुन नसकेको बताइएको छ। नेपाललाई साक्षर बनाउने घोषणा झण्डै १० वर्षअघि नै सरकारले गरेको थियो। नेपालजस्तो सानो देश प्रजातान्त्रिक जनगणतन्त्र कोरिया बुद्धिजीवीकरणको अभियानमा छ। तर, हाम्रो देश सत्तारुढ दलका नेता र मन्त्रीहरूको गैरजिम्मेवारी र अदूरदर्शिताको कारण साक्षर मुलुक हुन पनि हुन सकेको छैन। असार ३२ गतेको 'अन्नपूर्ण पोस्ट' दैनिकले 'सरकारको बेढङ्गी कार्यशैली, आफैँलाई गलपासो' शीर्षकको समाचार लेख्यो। सरकारलाई जवाफदेही, पारदर्शी र संविधानसम्मत बनाउन प्रतिपक्षी राजनीतिक दलको मात्र होइन सरकारी काम कारबाहीको सत्तारुढ सांसदहरूले पनि औँला ठड्याउन थालेका छन्। अति भएपछि कपास पनि गह्रौं या अन्न पनि विष हुने हुँदा गलत कार्य, गलत नीति र गलत अभिव्यक्तिको विरोध गरेर सरकारलाई खबरदारी गर्नुपर्छ।

# फिफा स्वतन्त्र खेलकुद संस्था होइन यो एक राजनीतिक उपकरण हो !

*(विश्वभरका फूटबल प्रशंसकहरूले अहिले मात्र प्यालेस्टिनीहरूले लामो समयदेखि जानेका कुरा पत्ता लगाइरहेका छन्।)*

यस विश्वकपले फिफा र यसको नेतृत्वलाई बढ्दो रूपमा निगरानीमा पारेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हस्तक्षेपपछि एक अमेरिकी फूटबल खेलाडीको निलम्बन उल्टाउने निर्णयले विश्वभरका प्रशंसकहरूलाई चिढायो। यसैबिच, इजिप्ट र केप भर्डेविरुद्धको खेलमा रेफ्रीहरूले अर्जेन्टिनाको पक्षमा निर्णय गरेको आरोप लागेको छ।

प्यालेस्टिनमा हामीले वर्षौंदेखि फिफाको भ्रष्ट प्रकृति देखेका र अनुभव गरेका छौं। यसको विधानले स्पष्ट रूपमा सङ्गठनलाई मानव अधिकारको सम्मान गर्न आवश्यक रहेको भए तापनि प्यालेस्टिनी फूटबलको कुरा गर्दा यो व्यवस्थित रूपमा त्यसो गर्न असफल भएको छ।

फिफाले अवैध बस्तीमा बसोबास गर्ने टोलीहरूले कब्जा गरेको र चोरी गरिएको प्यालेस्टिनी भूमिमा लिग खेलहरू खेल्न अनुमति दिएकोमा इजरायली फूटबल सङ्घ (IFA) लाई निलम्बन गर्ने प्यालेस्टिनी फूटबल सङ्घ (PFA) को मागलाई बारम्बार अस्वीकार गर्दै आएको छ।

फिफाले प्यालेस्टिनी फूटबल खेलाडीहरूको सामूहिक हत्या र अङ्गभङ्ग गरेको निन्दा गरेको छैन वा हिरासतमा रहेका फूटबल खेलाडीहरूको रिहाइको माग गरेको छ। जस्तै:- हालसालै पक्राउ परेका प्यालेस्टिनी महिला फूटबल टोलीका सदस्यहरू रान्ड हलवानी र नताली अबु दयेह आदि। यसले



अप्रिल ३०, २०२६ मा क्यानडाको भ्यानकुभरमा ७६ औं फिफा कङ्ग्रेसको क्रममा फिफा अध्यक्ष जियानी इन्फान्टिनो प्यालेस्टिन फूटबल सङ्घका अध्यक्ष जिब्रिल राजौब र इजरायली फूटबल सङ्घका अध्यक्ष बासिम शेख सुलिमानसँग। (जेनिफर गथिये/रोयटर्स)

प्यालेस्टिनी फूटबल रङ्गशालाहरूको विनाशको विरोध गरेको छैन। फिफाले प्यालेस्टिनी टोलीहरूलाई यात्रा अनुमति अस्वीकार गर्नेलगायत प्यालेस्टिनी फूटबललाई प्रतिबन्धित गर्ने र कमजोर पार्ने विभिन्न नीतिहरू त्याग्न इजरायललाई बाध्य पार्न केही गरेको छैन।

इजरायली फूटबल सङ्घले जातिवाद, रङ्गभेद र कब्जालाई सहन र सामान्यीकरण मात्र गरेको छैन तर गाजा वा लेबनानमा युद्ध अपराधमा इजरायली फूटबल खेलाडीहरूको सहभागितालाई बधाई दिने प्रयासहरूमा पनि भाग लिएको छ।

अन्तर्राष्ट्रिय न्याय अदालत र विभिन्न संयुक्त राष्ट्र सङ्घीय प्रस्तावहरूको बारम्बार फैसलाहरूको बाबजुद, फिफाले प्यालेस्टिनी मागहरू 'सार्वजनिक अन्तर्राष्ट्रिय कानुनअन्तर्गत एक अत्यन्त जटिल विषय' भएको र 'पश्चिम किनाराको अन्तिम कानुनी स्थिति अझै पनि समाधान नभएको' दाबी गरिरहेको छ। यो इजरायली वार्ताका बुँदाहरूलाई समर्थन गर्नुभन्दा कम होइन, जुन ट्रम्प प्रशासनले आफ्नो सहयोगी इजरायललाई बचाउन र प्यालेस्टिनी भूमिको चोरीलाई वैधानिक बनाउन अपनाएको हो।

जसरी इजरायलले आफ्नो अवैध कब्जालाई सामान्य बनाउन पर्यटन, पुरातत्त्व, धर्म, कृषि र अन्य कुराहरूको प्रयोग गरेको छ, त्यसरी नै फिफाको सहयोगमा उसले फूटबलको माध्यमबाट पनि त्यसो गरेको छ।

जियानी इन्फान्टिनोको अध्यक्षतामा इजरायली अपराधहरूमा फिफाको योगदान विस्तार भएको छ। मानव अधिकार सङ्गठनहरूले इन्फान्टिनोको कार्यलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उचित रूपमा उल्लेख गरेका छन्। उनलाई 'यी अभ्यासहरूले मानव अधिकार उल्लङ्घन, रङ्गभेद र युद्ध अपराधको आयोग गठन गर्दछ भन्ने पूर्ण ज्ञानमा' काम गरेको र यस विषयमा धेरै प्रतिवेदन र पत्रहरूलाई बेवास्ता गरेको आरोप लगाएका छन्।

फिफा नेतृत्व इजरायलको अपराध र आइएफएको संलग्नताको बारेमा मौन र निष्क्रिय मात्र रहेको छैन। यसले उनीहरूको ढाकछोपमा पनि सक्रिय रूपमा भाग लिएको छ। गत महिना, फिफाले 'शान्ति प्रवर्द्धन' गर्न प्यालेस्टिनले यु-१५ प्रतियोगिताको उद्घाटन खेल इजरायलसँग खेल्नुपर्ने सुझाव दिएको थियो। केही हप्ताअघि, इन्फान्टिनोले व्यक्तिगत रूपमा प्यालेस्टिनी फूटबल सङ्घका प्रमुखलाई आफ्नो इजरायली समकक्षीसँग हात मिलाउन बाध्य पार्ने प्रयास गरेका थिए।

फिफा अब स्पष्ट रूपमा तटस्थ अन्तर्राष्ट्रिय खेलकुद महासङ्घ रहेन, जसले यसको विधानअनुसार कुनै पनि राजनीतिक हस्तक्षेपबाट बच्नुपर्छ। यसलाई अमेरिका र यसका सहयोगीहरूको विदेश नीतिलाई समर्थन गर्ने राजनीतिक उपकरणमा परिणत भएको छ।

इन्फान्टिनो आफैं यो वास्तविकताको एक उत्कृष्ट उदाहरण



जून ३ मा इजरायलले बिनाकसुर हिरासत राखेका प्यालेस्टिनी महिला राष्ट्रिय टीमका खेलाडी राखेका २० वर्षीय रानड हलवानी र १८ वर्षीय नताली अबु दयेह। (वाफा)

हुन्। सन् २०१८ मा कुनै स्पष्ट कारणबिना, उनी वासिङटनमा अब्राहम सम्झौता (Abraham Accords) को आधिकारिक हस्ताक्षरमा उपस्थित भए; एउटा सम्झौता जसले वास्तवमा प्यालेस्टिनी प्रश्नलाई सामूहिक अरब एजेन्डाबाट हटाउन खोजेको थियो। सन् २०२१ मा उनले दक्षिणपन्थी इजरायली अखबार जेरुसेलम पोस्टको सम्मेलनमा भाग लिए, जुन जेरुसेलमको अपवित्र पारिएको मुस्लिम चिहान ममिल्लाहमा निर्मित स्थानमा आयोजित थियो।

फेब्रुअरीमा, इन्फान्टिनोले विवादास्पद 'शान्तिको बोर्ड' (Board of Peace) को उद्घाटन समारोहमा भाग लिएका थिए, जसले प्यालेस्टिनी प्रश्नमा संयुक्त राष्ट्र सङ्घको संलग्नता अन्त्य गर्न र इजरायली कब्जा र नरसंहार अन्त्य गर्न कुनै पनि अन्तर्राष्ट्रिय कानुनी प्रयास रोक्न खोज्छ। उनले बोर्डसँग 'फूटबलमार्फत पुनर्लाभ र शान्तिलाई अगाडि बढाउन रणनीतिक साझेदारी' घोषणा पनि गरे।



विश्वकप आयोजनाको बारेमा भइरहेको विवादलाई यसै सन्दर्भमा बुझ्नुपर्छ। फिफाले अन्तर्राष्ट्रिय खेलकुद संस्थाको रूपमा आफ्नो स्वतन्त्र निर्णय लिने क्षमतामाथिको नियन्त्रण स्पष्ट रूपमा गुमाएको छ र फूटबललाई राजनीतिबाट बाहिर राख्ने आफ्नो जिम्मेवारीबाट पन्छिएको छ।

अमेरिकाले फूटबल खेलाडी, रेफ्री र प्रशंसकहरूविरुद्ध आयोजकको रूपमा गरेको विभिन्न उल्लङ्घनहरूको बारेमा सोध्दा, इन्फान्टिनोले जनतालाई "शान्त (Chill) हुनुहोस्, आराम (Relax) गर्नुहोस्" भने।

यी सबै कुराले फिफाजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूमाथिको जनताको विश्वासलाई अविश्वसनीय रूपमा हानि पुऱ्याउँछ। यो अन्तर्राष्ट्रिय फूटबल र सबैलाई समावेशी खेलको रूपमा यसको प्रतिष्ठाको लागि पनि हानिकारक छ। यदि इन्फान्टिनोले आफ्नो बाटो आमूल परिवर्तन गरेनन् भने उनले छोड्ने विरासत विनाशको हुनेछ।

प्यालेस्टिनी फूटबलको कुरा गर्ने हो भने यो दृढ रूपमा लागिरहने छ। यो सन् १९०४ मा जेरुसेलममा सेन्ट जर्ज स्कूल टोलीको स्थापनादेखि नै अस्तित्वमा छ। त्यसबेलादेखि, फूटबल प्यालेस्टिनी जीवनको हरेक क्षणको हिस्सा भएको छ। अनि सबै प्यालेस्टिनी चीजहरूमा कब्जा, नरसंहार र भ्रष्ट फिफाबाट बच्ने शक्ति छ।

- जेभिएर अबु इद, राजनीतिक विश्लेषक

**पाठक पत्र**

## जनतालाई उत्पादन बढाउन उत्साहित गरेमा देशको अर्थतन्त्र चलायमान हुने



"बैङ्कमा पैसाको थुप्रो बढेको बढ्यै" (सुस्त आर्थिक गतिविधि, बढ्न नसकेको बजार माग, ४२ प्रतिशत मात्र क्षमतामा उद्योग सञ्चालन र उकालो लाग्न नसकेको सेयर बजारले कर्जा प्रवाह बढेन।)

- *('कान्तिपुर', ३२ असार, २०८३)*

बैङ्कमा पैसा थुपारेर, धनीहरूले सेफमा पैसा राखेर वा नोटहरू कन्टुरमा लुकाएर देशको अर्थतन्त्र अगाडि बढाउन सहयोग पुग्दैन। पैसा थुपार्दै राखेमा पैसाको मूल्य घट्ने सम्भावना धेरै हुन्छ।

बैङ्कका मालिक र हाकिमहरूलाई राम्रै थाहा छ - पैसालाई काममा लगानी गरेमा काम गर्ने जनताले काम पाउने छन्। बजार गुलजार हुन्छ, सामान किन्ने छन् र सम्भावित आर्थिक सङ्कट टर्छ।

सरकारले बाटो बनाउने, नहर बनाउने, पुल र अन्य निर्माण कार्य गर्ने नीति बनाउने र जनतालाई उत्पादन बढाउन उत्साहित गरेमा बैङ्कबाट ऋण लिएर काम थाले पनि रोजगारी बढ्ने देशको अर्थतन्त्र चलायमान हुनेछ; व्यापार बढ्ने छ; योजनाको फाइल थन्काउने र ठेकेदारहरू काम नगरी भगाउने होइन। ठेकेदारहरूले काम गरेनन् भने जनताबाटै काम गर्ने वा उपभोक्ता समितिमार्फत काम गरी आर्थिक गतिविधि अगाडि बढाउन सरकारले नीति र कानुन बनाउनु आवश्यक छ। मेसिनको ठाउँमा भएका सामानलाई प्रयोग गरी ठेकेदार हटाउने काम गर्नुपर्छ।

**गोलभेँडाको मूल्यमा बिचौलियाको मनमौजी**

"किसानलाई किलोको ८ रूपैयाँ, उपभोक्ताले तिर्छन् ४५ रूपैयाँ"

*('कान्तिपुर' - ३२ असार २०८३)*

'बिचौलिया' को नाम 'शोषक' 'किसानमारा' हो।

गोलभेँडालाई सडकमा खन्याउने होइन, बिचौलियाको 'कार्यालय', 'घरघरमा' धर्ना र सङ्घर्ष गर्ने हो।

**एमालेसँग सत्ता सहकार्य तोड्दै काङ्ग्रेस**

- *('नागरिक' दैनिक, ३२ असार, २०८३)*

'मरेको लाशलाई जुम्राले पनि छोड्छ भन्ने उखान छ', 'डुब्दो जहाजबाट मुसा पनि भाग्छ रे त नि !'

हिजोसम्म एमाले स-साना वाम साथीहरूलाई सिध्याउँदै थियो - भेरी र कर्णालीदेखि पूर्वसम्मै। उसले आफूलाई सर्पले निलिरहेको थाहै पाएन। उखान छ नि त नेपाली भाषामा 'सर्पले खाँदै गरेको भ्यागुतोले फट्याङ्ग्रा टिप्छ।' एमालेको आजको परिणाम त्यही हो।


**रामलक्ष्मण**

# विल्हेम वेट्लिङबारे सङ्क्षिप्त जीवनी

विल्हेम वेट्लिङ (Whilhelm Weitling) जर्मनियाली पहिलो काल्पनिक साम्यवादी विचारका सशक्त प्रचारक थिए। उनको जन्म ५ अक्टोबर १८०८ मा जर्मनीको उत्तर-पूर्व प्रसियामा भएको थियो। उनका बुबा एक फ्रान्सेली अफिसर थिए भने आमा एक जर्मेनियाली गृहिणी थिइन्। उनका बुबाको नाम क्रिश्चियन वेट्लिङ र आमाको नाम गुलियम जोरिजन हो। तिनीहरूको विवाह औपचारिक नभई मायाप्रीतिबाट अगाडि बढेको थियो।

गरिबीमै हुर्केको हुनाले विल्हेम वेट्लिङको पढाइ स्थानीय एक प्राथमिक विद्यालयमा भएको थियो। १२ वर्षको उमेरमा उनले स्थानीय एक पुस्तकालयमा स्वअध्ययन गरी क्रिश्चियाली धर्मग्रन्थ बाइबलको राम्रो अध्ययन गरे। उनले बुबाबाट फ्रान्सेली भाषा सिके भने आमाबाट जर्मनियाली भाषा सिके। पछि उनले अङ्ग्रेजी र इटालियाली भाषा पनि सिके।

सानै उमेरमा उनले लुगा सिउने काम सिके, त्यसमा एक प्रकारले दक्षता हासिल गरे। आफ्नो सीपसँगै उनी जर्मनीका विभिन्न प्रदेशहरूमा पुगे। त्यसबेला जर्मनी धेरै भागमा



विभाजित थियो।

सन् १८३० मा उनी जर्मनीको लिप्जिग (Lipzig) नगरमा पुगे। २२ वर्षमा युवा सङ्गतबाट उनले त्यहाँ राजनीतिबारे जानकारी हासिल गर्ने अवसर पाए साथै व्यङ्ग्यात्मक कविता पनि लेख्न सिके। १८३२ मा उनी लिप्जिग नजिकै ड्रेसडेन (Dresden) नगर पुगे। त्यहींबाट उनमा नयाँ नयाँ ठाउँमा घुम्ने र सिक्ने स्वभावको विकास भयो।

सन् १८३४ मा उनी छिमेकी देश अस्ट्रियाको राजधानी भियना पुगे। २६ वर्षका विल्हेम वेट्लिङले सिलाइसँग सम्बन्धित नयाँ सीप र महिलाहरूको लुगामा बुट्टा हाल्ने, फूलहरूको कार्चोपी बुन्ने कला सिके।

**राजनीतिक गतिविधिमा सामेल**

त्यसबेला आर्थिक, सामाजिक र राजनैतिकरूपले जर्मनीभन्दा छिमेकी देश फ्रान्स अगाडि थियो। २९ वर्षका वेट्लिङ सन् १८३७ मा फ्रान्सको राजधानी पेरिस पुगे। त्यहाँ उनी चार वर्ष बसे तथा फ्युरिए, रोवर्ट ओवन र क्याबे (१७८८-१८६५) का रचनाहरूको अध्ययन गरे। उनी फ्रान्सेली परिवर्तनवादी राजनीतिमा संलग्न भए।

जर्मनीका प्रवासीहरूले फ्रान्समा 'व्यङ्ग्य सङ्घ' भन्ने एक सङ्गठन खोलेका थिए। त्यस सङ्गठनमा जर्मनीका सर्वहारा मजदुर र कालीगढहरू बढी थिए। त्यस सङ्गठनका शाखाहरू जर्मनी, फ्रान्स, स्वीट्जरल्यान्ड, हङ्गेरी, बेलायत र स्क्यान्डेभियाली देशहरूमा पनि थिए। वेट्लिङ १८३७ मा त्यस सङ्गठनका सदस्य भए। त्यसबेला उनी २९ वर्षका थिए र फ्रान्समा उनले बावेफ र ब्लाङ्कीवादी सङ्गठनहरूसँग पनि सम्बन्ध राखे।


वेट्लिङ विविध प्रकारका समाजवादी र साम्यवादी विचारहरूको अध्ययन र क्राइश्चेली धर्मको साम्यवाद स्थापना गर्ने धुनमा पनि लागे। फ्रान्स आफै समाजवादको जन्मभूमि र राजनैतिक भिडन्तको देश हुँदा ४० हजार विभिन्न समाजवादी विचारका शक्ति जम्मा गरी अचानक भौतिक शक्तिबाटै साम्यवाद स्थापना गर्ने र सामाजिक मेलमिलापबाट समाज सञ्चालन गर्ने उनी योजना बनाउँथे।

**पुस्तकहरूको प्रकाशन**

सन् १८३८ मा उनले 'मानव जाति' लाई नयाँ किसिमको समाजमा सङ्गठित गर्ने कल्पना गर्दै एक पुस्तक लेखे। त्यस पुस्तकलाई हङ्गेरियाली भाषा र अन्य भाषाहरूमा समेत अनुवाद गरी प्रचार गरे। १८४१ मा उनी स्वीट्जरल्यान्डको जेनेभा र अन्य क्यान्टनका सहरहरूमा पनि प्रचार गर्दै थिए। सन् १८४३ मा उनी जुरिचमा पुगी 'मेलमिलाप र स्वतन्त्रताको सुनिश्चितता' को शीर्षकमा साम्यवादी सिद्धान्तको प्रचार एवम् प्रकाशनहरू गर्न लागे। उनमा युवा जोश थियो।

सन् १८४५ मा 'पापीहरूलाई शिक्षा' शीर्षकको पुस्तकमाला नै लेखेर उनले स्वीट्जरल्यान्डमा उधुम मच्चाए। स्वीस अधिकारीहरूबाट उनी पक्राउ गरिए। उनीमाथि क्रान्तिकारी उत्तेजना फैलाएको र ईश्वरको निन्दा गरेको मुद्दा चलाइयो। उनले त्यस पुस्तकमा जिसस क्राइस्ट एक कम्युनिस्ट र एक अवैध सन्तान भनी उल्लेख गरेको हुँदा ६ महिनाको जेल सजाय सुनाइयो। त्यसपछि ५ वर्षसम्म स्वीट्जरल्यान्ड आउन नपाउने गरी प्रशिया नै फर्काइए। केही समयपछि उनी हामवर्ग (Hamburg) मा बसे तथा त्यहीबाट उनी बेलायत, ब्रुसेल्स र अमेरिका गए।

१८४४ मा कार्ल मार्क्सले जर्मन मजदुरहरूलाई 'प्रभाव पार्ने पहिलो साहित्य' भनी त्यस पुस्तकलाई सम्झेका थिए। मार्क्सले त्यस पुस्तकलाई सैद्धान्तिक र दार्शनिकरूपले लिएका थिए। त्यही समयमा बेलायती मजदुरहरू हरेक



विषयलाई आर्थिकरूपबाट हेर्थे भने फ्रान्सेली मजदुरहरू विषयवस्तुलाई व्यावहारिक र राजनैतिकरूपले हेर्थे।

वेट्लिङ 'पापीहरूलाई शिक्षा' मार्फत समाजमा इसाई धर्मबाट साम्यवादमा पुग्ने सन्देश दिन चाहन्थे र जर्मनीमा १८४८ मा क्रान्ति हुँदा उनी त्यहाँ साम्यवादको प्रचारमा लागे। तर, क्रान्तिमा त्यसको कुनै प्रभाव परेन र उनी अमेरिका पुगेर प्रचार कार्यमा लागे।

**क्राइश्चेली धर्मप्रतिको दृष्टिकोण**

इसाई धर्मलाई वेट्लिङ दमन, अपव्ययी र उपवासको धर्म होइन बरु स्वतन्त्रता, शिष्टता र मनोरञ्जनको धर्म मान्थे। क्राइस्टलाई उनी स्वतन्त्रताका भविष्यवक्ता मान्थे। इसाई धर्म मान्नेहरूलाई 'चोरलाई सजाय दिने अधिकार हुन्न किनभने जबसम्म चोरीको अस्तित्व रहन्छ तबसम्म क्राइश्चेली धर्मलाई हामीले अनुशरण गरेको हुनेछैन' भनी मान्थे।

वेट्लिङ 'न्याय सङ्घ' मा सान्है सक्रिय थिए र एकप्रकारले उनी त्यसका एक हस्ती नै थिए। सन् १८४६-४७ को समयमा उनी ३८ वर्षका थिए। 'न्याय सङ्घ' मा उनी १० वर्षसम्म सक्रिय रहे। 'न्याय सङ्घ' एक प्रकारको अन्तर्राष्ट्रिय कम्युनिस्ट सङ्घ भइसकेको थियो। मार्क्स र एङ्गेल्स पनि त्यसमा सामेल भए। फ्रान्सेली सरकारमाथि पर्सियाली सरकारको दबाबको कारण मार्क्स ब्रुसेल्स पुगे।

'न्याय सङ्घ' को बैठकमा मार्क्स र एङ्गेल्सले वेट्लिङको तुरुन्तै भौतिक शक्तिको प्रयोग गरी साम्यवाद लागू गर्ने र क्राइश्चेली धर्मअनुसारको 'स्वर्ग' खडा गर्नेजस्ता अव्यावहारिक र फितलो सैद्धान्तिक दृष्टिकोणको खण्डन गरे। त्यस सैद्धान्तिक सङ्घर्षमा मार्क्स र एङ्गेल्सले पुँजीवादी व्यवस्थाविरुद्धको सङ्घर्ष दीर्घकालीन हुने, प्रजातान्त्रिक क्रान्तिको महत्त्व, समाजवादी क्रान्तिको निम्ति सर्वहारावर्गको कार्यक्रमको आवश्यकताको तर्क आदि वेट्लिङको निम्ति नयाँ जानकारी थियो। कार्ल मार्क्स विश्वविद्यालयबाट सुव्यवस्थित रूपले खारिएका र सुल्झिएका सिद्धान्तकार थिए भने वेट्लिङ स्वअध्ययनबाट अगाडि बढेका र पेसाले एक सूचीकारबाट उठेका उत्साही व्यक्ति थिए।

सन् १८४८ मा मार्क्स र एङ्गेल्सको तर्फबाट तयार भएको 'कम्युनिस्ट घोषणापत्र' छापेपछि वेट्लिङ बेलायतबाट संरा अमेरिका (न्युयोर्क) गए।

**अमेरिकामा वेट्लिङको सक्रियता**

सन् १८५० मा वेट्लिङले अमेरिकामा साम्यवादको पक्षमा एक मासिक पत्रिकाको प्रकाशन सुरु गरे। वर्षको अन्तसम्ममा त्यस पत्रिकाको ग्राहक र पाठक ४ हजार पुग्यो। आफ्नो जीवनको उत्तरार्द्धमा उनले आफ्नो गतिविधि प्राविधिक र खगोलशास्त्रीय अध्ययनमा लगाए। सिउने कलको विकासमा उनले ९ वटा आफ्नो 'स्वअधिकार' वा 'पेटेन्ट राइट' प्राप्त गरे। तीमध्ये दोहोरो सिलाइ, टाँकको प्वाल र कार्चोपी भर्ने आदि हुन्।

सन् १८५५ मा ४७ वर्षको उमेरमा वेट्लिङले न्युयोर्कमा एक जर्मन आप्रवासी डोरोचिया कारोलाइन जुइस टोइरसँग विवाह गरे। उनी त्यहाँ सूचीकारको यन्त्र निर्माणमा व्यस्त हुनुका साथै एक विश्व भाषाको विकासमा लागे।

अमेरिकाकै लोवा (Lowa) मा जर्मन-अमेरिकी बस्तीमा एक कम्युनको प्रयोगात्मक स्थापनामा उनी सहभागी भए। २७ जनवरी १८७१ मा उनी ६३ वर्षको उमेरमा न्युयोर्क महानगरमा बिते। उनकी पत्नी र ६ जना छोराछोरी थिए।

२७ जनवरी १८७१ को न्युयोर्क टाइम्सले उनको मृत्युको समाचार दिँदा उनको क्रान्तिकारी विचार, युरोपको कम्युनिस्ट गतिविधिबारे मौन बस्यो। १८४८ मा उनी पेरिसको क्रान्तिमा फर्केको र १८४९ मा पुन: अमेरिका गएको बारे उल्लेख भएन। त्यसबेला उनी ४१ वर्षका थिए।

**वेट्लिङको व्यक्तित्व**

वेट्लिङ एक आकर्षक व्यक्ति, क्रान्तिकारी चरित्रका निर्दोष व्यक्तित्व, एक गरिब मजदुर पृष्ठभूमिबाट आएका सूचीकार थिए। उनी जनतासँग घनिष्ट सम्बन्ध राख्ने, सुरुका वर्षहरूमा बाइबलको साम्यवादबाट प्रेरित, जीवनभर सक्रिय र दिनको १२ घण्टा काम गर्ने कर्मनिष्ठ व्यक्ति थिए। उनको पुस्तकमा आधुनिक समाजको इतिहास, निजी सम्पत्ति, धन र वर्गीय अन्तरविरोध, योजना, संविधान, कम्युनिस्ट समाजको निर्माणका क्रान्तिकारी खाका र सामुदायिक प्रयत्नहरू उल्लेख छन्। भ्रष्ट पुरोहितहरूको आलोचना, शक्तिको दुरुपयोग, मजदुरहरूमाथि शोषण, अरुमाथि शासन गर्ने होइन बरु सेवा गर्ने हो, साम्यवादबारे परिष्कृत दृष्टिकोण उनका रचनाहरूमा पाइन्छ।

फ्रान्सेली षड्यन्त्रकारी सङ्घर्षबाट मजदुरहरू कहिले विल्हेम वेट्लिङको 'मेलमिलाप र सुनिश्चितता' को साम्यवादतर्फ ढल्कन्थे, कहिले एटेन कावेको कल्पनावादी 'शान्तिपूर्ण साम्यवाद' तर्फ ढल्कन्थे। सन् १८९९ मा ब्लाङ्कीवादीहरूको पराजयपछि मजदुरहरू कावेको प्रभावमा गए। उनीहरू साम्यवादी बस्तीहरू बसाल्न र 'सुख र स्वतन्त्रताका टापुहरू' बनाउन चाहन्थे।

सन् १८४२ मा विल्हेम वेट्लिङको 'मेलमिलाप र स्वतन्त्रताको सुनिश्चितता' प्रकाशित भयो। मजदुरहरूले त्यस पुस्तक नफाट्ञ्जेल पढ्थे। मार्क्सले वेट्लिङको पुस्तकलाई 'जर्मन मजदुरहरूको अद्वितीय एवम् सानदार साहित्यिक थालनी' भन्नुभएको थियो।

वेट्लिङ जर्मनीका मजदुरहरूको चेतनालाई बिउँझाउन चाहन्थे। उनी शोषक र शोषितहरूको बिचमा कहिले मेल हुन्न भन्नेबारे जोड दिन्थे।

वेट्लिङले वर्गच्युत भएका, सबभन्दा बढी रिसाएका, दरिद्र, सर्वहारा, मगन्ते अर्थात् हुल्याहाहरूको २०-४० हजारको सङ्ख्यामा सेना बनाउने र मालिकहरूको विरुद्ध गुरिल्ला युद्ध सुरु गर्ने योजना बनाएका थिए। योजनाको लक्ष्य साम्यवादको स्थापना थियो। उनी लुच्चा, लफङ्गा, लुटाहा तथा सबै प्रकारका खराब तत्त्वहरूलाई समेत प्रयोग गर्न चाहन्थे। स्वभावत: त्यो योजनालाई न्याय सङ्घका नेताहरूबाट अस्वीकार गरियो।

वेट्लिङको कल्पनावादी दृष्टिकोणले जर्मनीको मजदुर आन्दोलनको विकासमा बाधा पुऱ्याउँदै थियो र ब्रसेल्स समितिले झण्डै आफ्नो स्थापनाकालदेखि नै त्यस दृष्टिकोणको विरुद्ध सशक्त सङ्घर्ष गर्दै थियो। सुरुमा मार्क्स र एङ्गेल्सले वेट्लिङलाई उनको दृष्टिकोणमा रहेको कल्पनावाद र साम्यवादको धार्मिक सम्प्रदायात्मक व्याख्या गर्ने प्रवृत्तिबाट मुक्त गर्न सकिने आशा गर्नुहुन्थ्यो। उहाँहरूले वेट्लिङलाई ब्रसेल्स बोलाउनुभयो र छलफल समितिमा राख्नुभयो। तर, वेट्लिङले राजनीतिक सङ्घर्षमा सर्वहारावर्गको सहभागिता आवश्यक छ भन्ने विषयलाई अस्वीकार गरे। उनले विद्रोहको समर्थन गर्न छोडेनन्। उनी क्रान्तिकारी बुद्धिजीवीहरूको विरोध गर्थे।


एङ्गेल्सको भाषामा साम्यवादलाई वेट्लिङले क्रान्तिकारी विज्ञानको रूपमा होइन 'पृथ्वीमा स्वर्ग खडा गर्ने उपायको रूपमा' हेर्थे।

यसकारण, ३० मार्च सन् १८४६ को दिन बसेको ब्रसेल्स समितिको बैठकमा चर्को विवाद भयो र पूर्ण सम्बन्ध विच्छेदको स्थिति देखियो।

मार्क्स र एङ्गेल्सले वेट्लिङको दृष्टिकोणको चर्को आलोचना गर्दै निश्चित वैज्ञानिक विचार र सही शिक्षाबिना मजदुरहरूमाझ जानु धर्म प्रचारको फोस्रो र झूटो खेलजस्तै हो, त्यसमा एक भविष्यवक्तालाई पठाउने र अरु सबै आँखा चिम्लेर बस्ने मानिसहरूको जमातको रूपमा हुनेछ भन्नुभयो।

अन्तमा ब्रसेल्स समितिसँग सम्बन्धित सबै समाजवादी र कम्युनिस्ट दलहरूलाई वेट्लिङसँग सम्बन्धविच्छेद भएको खबर पठाइयो र बहुसङ्ख्यक पक्षले मार्क्स र एङ्गेल्सकै दृष्टिकोणलाई समर्थन गऱ्यो।

'सच्चा समाजवाद' को एक प्रतिनिधि जर्मन पत्रकार हरमान क्रिगेले अमेरिकामा 'पिपुल्स ट्रिब्युन (जनताको प्रतिनिधि) नामको अखबार निकालेर साम्यवादको गलत प्रचार गरे। त्यस पत्रिकाले सबैलाई एक एक टुक्रा जमिन दिएर साम्यवाद स्थापनाको कल्पना गऱ्यो। मार्क्स र एङ्गेल्सले क्रिगेलाई युरोप र अमेरिकाका सबै कम्युनिस्टलाई कलङ्कित गर्ने काम गरेको भनी आलोचना गर्नुभयो। तिनीहरूले हरेकलाई राजा, महाराजा र धर्मराज बनाउने सपना बाँडेजस्तै हो भनी मार्क्स र एङ्गेल्सले आलोचना गर्नुभएको थियो।




*स्रोत : जनताको साहित्य, वर्ष ४६, अङ्क १२, चैत/वैशाख २०७६/०७७*

# हर्मुजकेन्द्रित अमेरिकी आक्रमण अझ तीव्र



तेहरान, ३२ असार (एएफपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान वार्तामा नफर्किए थप कडा सैन्य कारबाही गर्ने चेतावनी दिइरहेका बेला संयुक्त राज्य अमेरिकाले बुधबार हर्मुज जलघाँटी क्षेत्रमा इरानको सैन्य क्षमता लक्षित गर्दै नयाँ हवाई आक्रमण सुरु गरेको छ। यससँगै करिब एक महिनाअघि भएको अमेरिका-इरान समझदारीपछि रोकिएको प्रत्यक्ष सैन्य टकराव फेरि तीव्र बनेको छ।

अमेरिकी सेन्ट्रल कमान्डका अनुसार आक्रमण १९:०० जीएमटीदेखि सुरु गरिएको हो। हर्मुज जलघाँटी हुँदै स्वतन्त्र रूपमा आवतजावत गर्ने जहाजलाई जोखिममा पार्न प्रयोग भइरहेका इरानी सैन्य संरचना र क्षमतामाथि कारबाही केन्द्रित गरिएको जनाएको छ। अमेरिकी सेनाले इरानको बन्दरगाहमा लगाइएको नौसैनिक नाकाबन्दी तोड्न खोजिरहेको खाली तेल ट्याङ्करलाई पनि हेलफायर मिसाइल प्रहार गरी निष्क्रिय बनाएको दाबी गरेको छ। कुराकाओको झण्डा बोकेको 'एम/टी बेल्मा' नामक उक्त जहाजलाई निष्क्रिय पारिएकाले अब इरानतर्फ अघि बढ्न नसक्ने अमेरिकी सेन्ट्रल कमान्डले जनाएको छ।

इरानी सरकारी सञ्चारमाध्यमहरूले बन्दर अब्बास, रास्क, चाबहार, केशम, बन्दर इमाम खोमेनी तथा बुसेहरलगायत दक्षिणी क्षेत्रहरूमा विस्फोट भएको जनाएका छन्। बुसेहरमा रहेको इरानको एकमात्र नागरिक आणविक ऊर्जा केन्द्र आसपास पनि अमेरिकी आक्रमण भएको दाबी गरिएको छ।

मध्यपूर्वमा युद्ध अन्त्य गर्ने उद्देश्यले अमेरिका र इरानबिच समझदारीपत्रमा हस्ताक्षर भएको झन्डै एक महिनामै दुवै पक्ष पुन: सैन्य भिडन्तमा उत्रिएका हुन्। इरानको रिभोलुसनरी गार्ड्सले बहराइनस्थित अमेरिकी पाँचौँ नौसैनिक फ्लीटलाई लक्षित गरेको जनाएको छ। त्यसपछि बहराइनमा हवाई साइरन बजाइएको थियो। जोर्डनले इरानबाट प्रहार गरिएका तीनवटा मिसाइल खसालेको जनाएको छ भने इराकको एरबिल क्षेत्रमा अमेरिकी नेतृत्वको गठबन्धनले विस्फोटक पदार्थ बोकेका आठवटा ड्रोन खसालेको कुर्दिस सुरक्षा बलले जनाएको छ। घटनामा मानवीय क्षतिको पुष्टि भएको छैन।

राष्ट्रपति ट्रम्पले इरान वार्तामा नफर्किए आगामी साताদेखि विद्युत् केन्द्र र पुलजस्ता पूर्वाधारमाथि पनि आक्रमण हुन सक्ने चेतावनी दिनुभएको छ। यद्यपि, दुवै पक्षबिचको मध्यस्थतामार्फत जारी वार्ता औपचारिक रूपमा समाप्त भएको छैन। इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबफले भने समझदारीपत्रका प्रावधान कार्यान्वयन नभएसम्म त्यसको कुनै अर्थ नरहने र इरानले त्यसको पालना गर्नुपर्ने आधार पनि नरहने बताउनुभएको छ।

यसपटकको तनावको केन्द्र फेरि हर्मुज जलघाँटी बनेको छ। यो जलघाँटीलाई विश्व ऊर्जा आपूर्तिको अत्यन्त महत्त्वपूर्ण मार्ग मानिन्छ। फेब्रुअरीमा सुरु भएको युद्धपछि इरानले जलघाँटी बन्द गरेको थियो। गत महिना भएको अन्तरिम सहमतिपछि केही समय खुला भए पनि इरानले अमेरिकी आक्रमण जारी रहेसम्म पुन: बन्द राख्ने घोषणा गरेको थियो। समुद्री ट्र्याकर केप्लरका अनुसार जलमार्गबाट हुने जहाज आवागमन उल्लेखनीय रूपमा घटेको छ भने पछिल्लो तनावसँगै अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य पनि बढ्न थालेको छ।

अमेरिकाले इरानी बन्दरगाहमाथिको नौसैनिक नाकाबन्दी पुन: लागू गरेपछि इरानका उपविदेशमन्त्री काजेम घारिबाबादीले यस कदमले गत महिनाको अन्तरिम समझदारीलाई प्रभावहीन बनाएको टिप्पणी गर्नुभएको छ।

युद्ध चर्किएसँगै इरान र खाडी क्षेत्रमा सर्वसाधारणको त्रास बढेको छ। इरानको दक्षिणपूर्वी क्षेत्रका स्थानीय बासिन्दाले निरन्तर विस्फोटका कारण बालबालिका रातभर सुत्न नसक्ने अवस्था रहेको बताएका छन्। कुवेतमा बसोबास गर्ने एक सुडानी नागरिकले पनि प्रत्येक बिहान अवस्था थप बिग्रिने हो कि भन्ने चिन्तासहित उठ्नुपर्ने स्थिति आएको प्रतिक्रिया दिनुभएको छ।

यसैबिच, ओमानको तटनजिक एक नर्वेजियन तेल ट्याङ्करमा विस्फोट भएको सङ्कट प्रतिक्रिया कम्पनी एमटीआई नेटवर्कले जनाएको छ। कुवेतले आफ्नो एउटा नौसैनिक जहाजमा ड्रोन आक्रमण हुँदा चालक दलका चार सदस्य घाइते भएको जानकारी दिएको छ।

राष्ट्रपति ट्रम्पले हर्मुज हुँदै आवतजावत गर्ने जहाजमाथि २० प्रतिशत कर लगाउने पूर्व योजना स्थगित गरी त्यसको सट्टा खाडी मुलुकहरूसँग व्यापार सम्झौता गर्ने नीति अघि बढाइएको बताउनुभएको छ।

इरानी सरकारी प्रवक्ताका अनुसार गत सातादेखिका अमेरिकी आक्रमणमा कम्तीमा ३० जनाको मृत्यु भएको छ। यसैबिच, अमेरिकी सेनाले इरानी नेतृत्वलाई थप आक्रमण भए इजरायलबाट पनि कडा सैन्य प्रतिक्रिया हुन सक्ने चेतावनी दिएको छ।

## विश्व सङ्क्षेप

### आठ वटा इरानी मिसाइल खसालेको जोर्डनको दाबी

अमान (जोर्डन) ३२ असार (क्युएनए)। जोर्डनको सशस्त्र बलले आफ्नो हवाई रक्षा प्रणालीले बिहीबार जोर्डनलाई लक्षित गरी प्रहार गरिएका आठ वटा इरानी मिसाइलहरू खसालेको दाबी गरको छ।

जोर्डनियन सशस्त्र बलको जनरल कमान्डको एक सैन्य स्रोतले स्थापित रक्षात्मक र परिचालन प्रक्रियामा अवरोध गरि मिसाइल खसालिएको पुष्टि गर्दै यस प्रक्रियामा कुनै चोटपटक वा भौतिक क्षति नभएको जनाएको छ।

रोयल इन्जिनियरिङ कर्प्स टोलीहरूले धेरै स्थानहरूमा खसेको भग्नावशेषको व्यवस्थापन गर्नुका साथै प्राविधिक तथा सुरक्षा प्रक्रिया अनुसार तिनीहरूलाई सुरक्षित गरेको स्रोतले जनाएको छ।

जोर्डनको सशस्त्र बलले उच्च स्तरको तयारीका साथ हवाई क्षेत्रको निगरानी जारी राखेको कुरामा जोड दिँदै स्थापित नियमहरू अनुसार कुनै पनि खतराको सामना गर्ने तयार रहेको पुष्टि गरेको छ।

### दक्षिण कोरियामा तीन वर्षपछि ब्याजदर वृद्धि

सियोल, ३२ असार (एएपी)। दक्षिण कोरियाको केन्द्रीय बैङ्कले तीन वर्ष भन्दा लामो समय पछि पहिलो पटक बिहीबार आफ्नो ब्याजदर २५ आधार अङ्कले बढाएको छ।

बैङ्क अफ कोरिया (बिओके) ले मौद्रिक नीति तथा बोर्डको बैठकपछि आधार अङ्क दर २.५ प्रतिशतबाट २.७५ प्रतिशतमा बढाएको बिओकेका अधिकारीलाई उदृत गर्दै एएफपीले जनाएको छ।

जिद्दी मुद्रास्फीति र देशको बलियो सेमिकन्डक्टर निर्यातले सुधार-उन्मुख रहेको अर्थतन्त्र लाई आधार मान्दै गत मे महिनादेखि, बिओके कडा मौद्रिक नीतितिर झुकिरहेको जनाइएको छ।

बलियो वृद्धि, घरजग्गाको बढ्दो मूल्य र बढ्दो घरेलु ऋणको संयोजनले यसलाई अझै बलियो बनाएको जनाइएको छ।

दक्षिण कोरियाको अर्थतन्त्र पहिलो त्रैमासिकमा लगभग छ वर्षको सबैभन्दा तीव्र गतिमा विस्तार भएको उल्लेख गर्दै बिओकेका गभर्नर शिन ह्युन-सङले मुद्रास्फीति केन्द्रीय बैङ्कको लक्ष्यभन्दा धेरै समयसम्म रहने सम्भावना रहेको बताउनुभएको छ।

उच्च ऊर्जा लागत र मध्य पूर्वमा जारी द्वन्द्वका कारण सम्बन्धित आपूर्ति श्रृङ्खलामा अवरोधका कारण उपभोक्ता मूल्य एक वर्ष अघिको तुलनामा गत जूनमा ३.२ प्रतिशतले बढेको जनाइएको छ।

# साउदीलाई दुई अर्ब डलरको अमेरिकी हतियार बिक्री स्वीकृत



वासिङ्टन, ३२ असार (एएफपी)। अमेरिकाले साउदी अरेबियाको हवाई सुरक्षा क्षमता सुदृढ बनाउने उद्देश्यले करिब एक अर्ब ९६ करोड अमेरिकी डलर बराबरको हतियार बिक्री गर्न स्वीकृति दिएको छ। अमेरिकी विदेश मन्त्रालयले उक्त बिक्रीले खाडी क्षेत्रमा प्रमुख गैर-नाटो साझेदार साउदी अरेबियाको सुरक्षा सुदृढ बनाउँदै अमेरिकी विदेश नीति तथा राष्ट्रिय सुरक्षा उद्देश्यलाई समेत सहयोग पुग्ने जनाएको छ।

स्वीकृत प्याकेजअन्तर्गत साउदी अरेबियाले २० हजारसम्म उन्नत 'एडभान्स्ड प्रिसिजन किल वेपन सिस्टम' (एपीकेडब्ल्युएस) र त्यससँग सम्बन्धित हतियार प्राप्त गर्नेछ। अमेरिकी नौसेनाका अनुसार यो प्रणालीले नजिकको युद्धमा अतिरिक्त क्षति कम गर्दै लक्ष्यमाथि प्रभावकारी आक्रमण गर्न सहयोग पुऱ्याउँछ। यस सम्झौताको प्रमुख ठेकेदार न्युजर्सीस्थित बीएई सिस्टम्स रहने विदेश मन्त्रालयले जनाएको छ।

अमेरिकी विदेश मन्त्रालयका अनुसार प्रस्तावित बिक्रीले साउदी अरेबियाको वर्तमान तथा भविष्यका सुरक्षा चुनौती सामना गर्ने क्षमता बढाउनुका साथै अमेरिकी सेना तथा अन्य क्षेत्रीय र नाटो साझेदार सेनासँगको अन्तरक्रियात्मक क्षमता पनि सुदृढ बनाउनेछ। मन्त्रालयले यस सम्झौताले अमेरिकी रक्षा तयारीमा कुनै नकारात्मक असर नपर्ने स्पष्ट पारेको छ।

यो निर्णय साउदी अरेबिया र यमनका इरान समर्थित हुथी विद्रोहीबिच तनाव पुन: चुलिएका बेला सार्वजनिक भएको हो। सोमबार हुथीहरूले दक्षिणी साउदी सहर आभाको विमानस्थलमा क्षेप्यास्त्र प्रहार गरेका थिए। यमन सरकारले इरानी सर्वोच्च नेताको अन्त्येष्टिबाट हुथी प्रतिनिधिमण्डल बोकेर फर्किरहेको विमानलाई मोड्न सानो विमानस्थलमा आक्रमण गरेपछि उक्त क्षेप्यास्त्र प्रहार भएको बताएको छ। हुथीहरूले भने त्यस आक्रमणको जिम्मेवारी रियादमाथि लगाएका छन्।

यसैबिच, युद्धविराम भङ्ग भई नौसैनिक नाकाबन्दी पुन: लागू भएपछि अमेरिकाले इरानमाथिको सैन्य दबाबसमेत थप तीव्र बनाइरहेको सन्दर्भमा साउदीलाई गरिएको यो हतियार बिक्रीलाई क्षेत्रीय सुरक्षा रणनीतिको महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ।

# द्वन्द्वको क्रममा प्यालेस्टिनी क्षेत्रका १६० वटाभन्दा बढी ऐतिहासिक तथा सांस्कृतिक स्थलहरू क्षतिग्रस्त : राष्ट्रसङ्घ

खान युनिस, ३२ असार (एएफपी)। संयुक्त राष्ट्र सङ्घका अनुसार इजरायल र हमासबिचको लामो द्वन्द्वका क्रममा प्यालेस्टिनी क्षेत्रका १६० वटाभन्दा बढी ऐतिहासिक तथा सांस्कृतिक स्थलहरू क्षतिग्रस्त भएका छन्।

यीमध्ये धेरै कलाकृतिहरू हजारौँ वर्ष पुराना रहेको जनाइएको छ। द्वन्द्वका कारण ऐतिहासिक तथा सांस्कृतिक स्थलहरूमा कलाकृतिहरू पूर्ण वा आंशिक रूपमा हराएको वा नष्ट भएको दक्षिण गाजाको सहर खान युनुसमा संरक्षण प्रयासमा सहभागी भइरहेका प्यालेस्टिनी कलाकार मोहम्मद अबु लाहियाले बताउनुभएको छ।

राष्ट्र सङ्घका अनुसार पुरातात्विक खजानाबाहेक, हालैका सांस्कृतिक कलाकृतिहरू पनि गोलाबारी र हवाई आक्रमणबाट क्षतिग्रस्त वा भग्नावशेषमुनि गाडिने जोखिममा छन्।

यसै गरी द्वन्द्वका क्रममा गाजाका ९० प्रतिशत भन्दा बढी भवनहरू क्षतिग्रस्त वा ध्वस्त भएका छन्।

शताब्दीयौँदेखि पर्सियाली, ग्रिसेली, रोमी, बाइजान्टिन र ओटोम्यान सबैले गाजामा चर्च, मस्जिद, बन्दरगाहलगायतका कलाकृतिहरूको समृद्ध ऐतिहासिक परिदृश्य सिर्जना गरेका थिए जस-मध्ये धेरैले द्वन्द्वको समयमा क्षति भोगेको जनाइएको छ।

विगतको सहयोगी तथा संरक्षक इजरायलले द्वन्द्वका कारण गाजापट्टीमा प्रवेश गर्ने सामानहरूमा कडा नियन्त्रण कायम राखेको कारण अत्यावश्यक सामग्री खाना तथा अन्य आपूर्तिको गम्भीर अभाव निम्त्याएको बताउँदै स्वयंसेवकहरूले व्यावसायिक संरक्षण उपकरणहरूबिना काम गर्नुपरेको बताएका छन्।

क्षतिग्रस्त धेरै वस्तुहरू २० औं शताब्दीतिरका भएको र यसमा "ओटोमन" कालको अन्त्य तथा ब्रिटिस र इजिप्टको प्रशासन समावेश रहेको जनाइएको छ।

यद्यपि, धेरै कलाकृतिहरू "पहेँलो रेखा" भन्दा बाहिर छन्, जसले हमासको नियन्त्रणमा रहेको क्षेत्रलाई इजरायली सेनाको कब्जामा रहेका क्षेत्रहरूबाट अलग गर्दछ।

इजरायलले गाजा पट्टीको ६० प्रतिशत भन्दा बढी आफ्नो नियन्त्रणमा रहेको बताएको छ, जुन गत वर्षको अक्टोबरमा युद्धविराम लागु हुँदा आधा भाग मात्र भनेको थियो।

स्वयंसेवकहरूका अनुसार इजरायली नियन्त्रित क्षेत्रहरूबाट कलाकृतिहरू पुन: प्राप्त गर्न अत्यन्त गाह्रो रहेको छ।

यसैबिच, गाजाको शताब्दीयौँको इतिहास लेख्ने कागजातहरूसहित सबै कुरा अझै पनि सुरक्षित राख्ने प्रयास जारी रहेको बताइएको छ।

भावी पुस्ताका लागि सन्दर्भ सामग्रीको रूपमा काम गर्न सकून् भन्ने उद्देश्यले ब्रिटिस र इजिप्टको युग ो जनाउँदै स्वयंसेवकहरूले "तिनीहरू वृद्ध बासिन्दाहरूसँग भ्रमण र कुराकानीको माध्यमबाट सङ्कलन गरिएको जनाइएका छन्।

# इतिहासलाई विकृत गर्न नहुने : 'नानचिङ नरसंहार' लाई 'नानचिङ घटना' मा सीमित गर्न नसकिने

✍ झु चेङसान

जापानको क्योडो समाचारको रिपोर्टअनुसार, नागासाकी परमाणु बम सङ्ग्रहालयले आफ्नो प्रदर्शनी प्यानलहरूमा 'नानचिङ घटना जसमा धेरै नागरिक र कैदीहरू मारिएका थिए' भनी उल्लेख गरी 'नानचिङ नरसंहार' का शब्दहरू परिमार्जन गरिएको छ।



नागासाकीमा भर्खरैको परिचालन समीक्षा बैठकमा अन्तिम रूप दिइएको यो समायोजनले केही जापानी सेनाहरूको प्रतिगामी र खतरनाक ऐतिहासिक अडानलाई फेरि एकपटक उजागर गर्छ।

'नानचिङ नरसंहार' शब्द कुनै भावनात्मक लेबल होइन। यो जघन्य युद्ध अपराधको अन्तर्राष्ट्रिय कानुनी रूपमा मान्यता प्राप्त परिभाषा हो र युद्धकालीन अत्याचारहरूलाई चित्रित गर्न मानव सभ्यताको विश्वव्यापी निर्णय हो। ८० वर्षपहिले सुरु भएको टोकियो ट्रायल नानचिङ नरसंहारमा स्पष्ट न्यायिक निष्कर्षमा पुगेको थियो।

विस्तृत साक्षीहरू, भौतिक प्रमाणहरू र तटस्थ तेस्रो पक्षहरूको अभिलेखको आधारमा, सुदूर पूर्वको लागि अन्तर्राष्ट्रिय सैन्य न्यायाधीकरणले स्थापित गरेको थियो कि जापानी सेनाले नानचिङ कब्जा गरेपछिको पहिलो छ हप्तामा, अपूर्ण तथ्याङ्कअनुसार २००,००० भन्दा बढी नागरिक र युद्धबन्दीहरूको हत्या गरेको थियो। सहरभरि व्यापक नरसंहार, यौन हिंसा, लुटपाट र आगजनी गरिएको थियो र न्यायाधीकरणले यी अत्याचारहरूलाई आधुनिक युद्धको सबैभन्दा क्रूर श्रृङ्खलाहरूको रूपमा मान्यता दियो।

'नानचिङ नरसंहार' लाई अस्पष्ट शब्द 'नानचिङ घटना' ले प्रतिस्थापन गर्नु भनेको जापानी दक्षिणपन्थी सेनाहरूले ऐतिहासिक कथाहरूलाई विकृत गर्न प्रयोग गर्ने परिचित रणनीति हो। प्रक्रिया सामान्यतया घटनाको विशेषतालाई नरम पारेर, त्यसपछि यसको मापन घटाएर र अन्ततः अपराधीहरूको लागि जिम्मेवारी मेटाउने प्रयास गरेर सुरु हुन्छ। जापानका दक्षिणपन्थी सेनाहरूले लामो समयदेखि यस्ता रणनीतिहरू प्रयोग गर्दै आएका छन्।

नानचिङ नरसंहारका पीडितहरू लाखौँ वास्तविक मानवहरू थिए। तिनीहरूको पीडा अस्पष्ट शब्द 'धेरै' मा कम गर्न सकिँदैन। यो मानवताविरुद्धको सङ्गठित र ठुलो मात्रामा अपराध थियो, सामान्य ऐतिहासिक 'घटना' होइन। स्थापित ऐतिहासिक निष्कर्षको कुनै पनि जानाजानी परिवर्तन पीडितहरूको स्मृतिको अपमान र अन्तर्राष्ट्रिय कानुनको मर्यादालाई चुनौती मात्र होइन, मानवताको साझा विवेकको अपमान पनि हो।

विशेषगरी कुरा के छ भने संशोधन नागासाकी परमाणु बम सङ्ग्रहालयद्वारा प्रस्ताव गरिएको थियो। युद्धको विनाश अनुभव गर्ने सहरको रूपमा, नागासाकी द्वन्द्वको क्रूरतालाई राम्रोसँग बुझ्ने, शान्तिको मूल्यलाई गहिरो रूपमा कदर गर्ने र इतिहासको सबैभन्दा पूर्ण बुझाइलाई समर्थन गर्नेहरूमध्येको हुनुपर्छ – जसले आफ्नै पीडालाई सम्झन्छ र विगतमा आफ्नै देशले गरेको हानिलाई पनि स्वीकार गर्दछ।

लामो समयदेखि, नागासाकीका धेरै शान्तिप्रेमी मानिसहरूले ऐतिहासिक तथ्यहरू जान्न र जापानको युद्धकालका गल्तीहरूप्रति इमानदारीपूर्वक प्रतिबिम्बित गर्न नानचिङ र शेनयाङलगायत चिनियाँ सहरहरूमा यात्रा गरेका छन्।

नागासाकी आणविक बम सङ्ग्रहालयले पनि एकपटक जापानी आक्रमणकारी सेनाहरूद्वारा गरिएका अत्याचारहरू देखाउने कागजातहरू साँचो रूपमा प्रदर्शन गऱ्यो, जसले जापानी नागरिकहरू, विशेष गरी युवाहरूलाई इतिहासको पूर्ण रूपमा बुझ्न सक्षम बनायो। इतिहासप्रतिको यो निष्कपट मनोवृत्तिले एक पटक नागासाकीको शान्तिको खोजीको सबैभन्दा बहुमूल्य आधारको रूपमा काम गऱ्यो।

अफसोचको कुरा, जापानको इतिहासको धारणा हालका वर्षहरूमा उल्लेखनीय रूपमा प्रतिगमन भएको छ र यो शब्दावली संशोधन कुनै पनि हिसाबले पृथक मामला होइन। जापानी सरकारका वरिष्ठ अधिकारीहरूले यासुकुनी तीर्थस्थलको बारम्बार भ्रमण गरेका छन्। नानचिङ नरसंहार र आरामदायी महिलाहरूको जबरजस्ती भर्तीसहित निर्णायक युद्धकालीन अत्याचारहरूको सार्वजनिक अस्वीकार पनि देखापरेको छ।

जापानी अधिकारीहरूले बारम्बार पाठ्यपुस्तकहरूलाई जापानको आक्रामक युद्धकालीन कार्यहरूलाई कम गर्न परिमार्जन गरेका छन्। धेरै सार्वजनिक सङ्ग्रहालयहरूले जापानको अपराधहरूको कथालाई मेट्ने गरेका छन्। केही जापानी राजनीतिक



शक्तिहरूले लामो समयदेखि सैन्यवादी अत्याचारहरूलाई सेतो पार्ने र स्थापित ऐतिहासिक फैसलाहरूलाई उल्टाउन प्रयास गरेका छन्।

साने ताकाइचीले पदभार ग्रहण गरेदेखि, जापानी सरकारले ऐतिहासिक मुद्दाहरूमा बारम्बार भ्रामक सङ्केतहरू पठाएको छ र दक्षिणपन्थी बयानबाजीलाई प्रोत्साहित गरेको छ। त्यस्ता कार्यहरूले जापानी आक्रमणबाट पीडित एसियाली देशका जनताको भावनामा गहिरो चोट पुऱ्याउने मात्र होइन, जापानको अन्तर्राष्ट्रिय विश्वसनीयतालाई पनि कमजोर बनाउँदै क्षेत्रीय शान्ति र स्थायित्वका लागि खतराहरू सिर्जना गर्न जारी राखेको छ।

जानाजानी विकृतीकरण गरेर इतिहासलाई पुनर्लेखन गर्न सकिँदैन न त कृत्रिम सेतोपाती गरेर सत्यलाई गाड्न सकिन्छ। नानचिङ नरसंहारका तथ्यहरू पीडितका अवशेषहरू, बाँचेकाहरूको मौखिक गवाहीहरू, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूका अभिलेखहरू र अन्तर्राष्ट्रिय न्यायाधीकरणहरूको प्रभावकारी निर्णयहरूसहित व्यापक प्रमाणहरूद्वारा समर्थित छन्। तिनीहरू लामो समयदेखि अन्तर्राष्ट्रिय समुदायमा व्यापक रूपमा मान्यता प्राप्त ऐतिहासिक तथ्य बनेका छन्।

स्थापित ऐतिहासिक निष्कर्षहरू परिवर्तन गर्ने वा आक्रामक अपराधहरूमा निर्णयहरू उल्टाउने कुनै पनि प्रयासलाई चिनियाँ जनताको कडा विरोधको सामना गर्नुपर्छ र अन्तर्राष्ट्रिय न्यायलाई समर्थन गर्नेहरूद्वारा अस्वीकार गरिनेछ।

जापानको लागि, आफ्नो आक्रामक इतिहासको साँच्चिकै सामना गरेर र आफ्नो युद्धकालको जिम्मेवारीलाई इमानदारीपूर्वक प्रतिबिम्बित गरेर मात्र इतिहासबाट पाठ सिक्न, छिमेकी राष्ट्रहरू र अन्तर्राष्ट्रिय समुदायको विश्वास पुनः प्राप्त गर्न र कडा मेहनतले जितेको शान्तिको रक्षा गर्न सक्छ।

*(झु चेङशान चाङ्झाउ विश्वविद्यालयका प्राध्यापक, जापानी आक्रमणविरुद्धको प्रतिरोधको युद्धको इतिहासका लागि चिनियाँ समाजका पूर्वउपाध्यक्ष र जापानी आक्रमणकारीहरूद्वारा नानचिङ नरसंहारमा पीडितहरूको स्मारक हलका पूर्वक्युरेटर हुनुहुन्छ।)*

**-पिपुल्स डेली अनलाइन**

**अनुवाद : प्रकृति**

---

***ख्वप...***

योगदानबारे विद्यार्थीले बुझ्न आवश्यक रहेको बताउनुभयो। उहाँले सङ्घीय सरकारले आफ्नै लगानीमा नयाँ कलेजहरू स्थापना गर्न नसकेको अवस्थामा अधिकांश नयाँ कार्यक्रम निजी क्षेत्रबाट उच्च शुल्कमा सञ्चालन भइरहेको उल्लेख गर्दै ख्वप इन्जिनियरिङ कलेजलाई भक्तपुर नगरपालिकाले आर्थिक तथा संस्थागत सहयोग गर्दै आएको बताउनुभयो। उहाँले नगरपालिकाको सहयोगकै कारण विद्यार्थीले गुणस्तरीय प्राविधिक शिक्षा तुलनात्मक रूपमा सहज शुल्कमा अध्ययन गर्न पाएको धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा कलेजका प्राचार्य सुजन माकले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई बधाई दिँदै यस्ता कार्यक्रमले विद्यार्थीलाई थप मेहनत गर्न प्रेरणा र मार्गदर्शन प्रदान गर्ने बताउनुभयो। उहाँले कलेजले प्रत्येक सेमेस्टरका टपर विद्यार्थीलाई पनि विशेष कार्यक्रममार्फत छात्रवृत्ति प्रदान गर्ने नीति कलेजले अपनाएको जानकारी दिनुभयो।

प्राचार्य माकले ख्वप इन्जिनियरिङ कलेज स्थापना भएको २५ औँ वर्ष विशेष कार्यक्रम तथा प्रदर्शनीसहित कलेजको वार्षिकोत्सव कार्यक्रम गर्ने तयारी गरिरहेको उल्लेख गर्दै कलेजले विभिन्न ६ वटा विधाअन्तर्गत छात्रवृत्ति वितरण गर्दै आएको बताउनुभयो। ती विधामा प्रवेश परीक्षाका उत्कृष्ट, आरक्षित कोटा, गरिब तथा जेहनदार विद्यार्थी, कक्षा १२ को नतिजाका आधारमा, सामुदायिक विद्यालयबाट अध्ययन पूरा गरेका विद्यार्थी तथा खेलकुदमा उत्कृष्ट प्रदर्शन गरेका विद्यार्थी समावेश रहेको जानकारी दिनुभयो।

उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँले छात्रवृत्ति विद्यार्थीका लागि प्रोत्साहनको माध्यम भएको बताउँदै अनुशासित भएर अध्ययन पूरा गर्न र आफ्नो करियर विकासमा विशेष ध्यान दिन आग्रह गर्नुभयो। उहाँले प्राप्त अवसरको सदुपयोग गर्दै सक्षम र जिम्मेवार इन्जिनियर बन्न विद्यार्थीलाई प्रेरित गर्नुभयो।

कलेजले यस वर्ष अनुशासित, गरिब तथा जेहनदार छात्रवृत्तिअन्तर्गत ८० जना विद्यार्थीलाई कुल रु. ३९ लाख ५६ हजार ४५२ वितरण गरेको छ। त्यसैगरी सेमेस्टर टपर छात्रवृत्तिअन्तर्गत १६० जना विद्यार्थीलाई कुल रु. ८ लाख ७६ हजार ३६५ प्रदान गरिएको छ।

यसरी दुवै शीर्षकअन्तर्गत कुल २४० जना विद्यार्थीलाई रु. ४८ लाख ३२ हजार ८१७ बराबरको छात्रवृत्ति तथा फ्रीशिप वितरण गरिएको कलेजले जनाएको छ।

## ख्वप कलेज अफ इन्जिनियरिङमा गरिब तथा जेहनदार विद्यार्थीलाई रू. २३.५४ लाख छात्रवृत्ति वितरण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययनरत गरिब तथा जेहनदार विद्यार्थीलाई छात्रवृत्ति वितरण कार्यक्रम बिहीबार सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि तथा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले विद्यार्थीलाई अध्ययनसँगै समाजका गतिविधिप्रति सचेत रहँदै भविष्यमा सक्षम, इमानदार र जिम्मेवार इन्जिनियर बनेर देश र जनताको सेवामा समर्पित हुन आग्रह गर्नुभयो।

उहाँले भक्तपुर नगरपालिका देशकै व्यवस्थित रूपमा सञ्चालित स्थानीय सरकारको रूपमा परिचित रहेको




उल्लेख गर्दै समाज पुस्तौँपुस्ताको रगत र पसिनाबाट निर्माण हुने भएकोले एउटै पुस्ताको आन्दोलनले मात्र आमूल परिवर्तन सम्भव नहुने बताउनुभयो। नयाँ पुस्ताले सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै समाज रूपान्तरणमा सक्रिय भूमिका खेल्नुपर्ने उहाँको भनाइ थियो।

उपप्रमुख जोशीले 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने नारालाई आत्मसात् गर्दै भक्तपुर नगरपालिकाले कला, संस्कृति संरक्षण र प्रवर्द्धनमा निरन्तर कार्य गर्दै आएको बताउनुभयो। उहाँले भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्रका रूपमा विकास गर्ने लक्ष्यअनुसार ख्वप विश्वविद्यालय स्थापना गर्ने प्रक्रिया अघि बढिरहेको जानकारी दिनुभयो।

२०७२ सालको भूकम्पबाट महत्त्वपूर्ण पाठ सिक्दै नगरपालिकाले 'सय वर्षपछिको भक्तपुर' भन्ने दीर्घकालीन योजनालाई मार्गदर्शक दस्तावेजका रूपमा कार्यान्वयन गरिरहेको उल्लेख गर्दै उहाँले भदौ २३ र २४ गतेको आन्दोलनले २०७२ सालको भूकम्पभन्दा पनि बढी क्षति पुऱ्याएको धारणा व्यक्त गर्नुभयो। नगरपालिकाद्वारा सञ्चालित दुईवटा इन्जिनियरिङ कलेजले भक्तपुरको पुनःनिर्माणमा उल्लेखनीय योगदान पुऱ्याएको चर्चा गर्दै उहाँले आज भक्तपुर शैक्षिक गन्तव्यको रूपमा स्थापित भएको बताउनुभयो।

कार्यक्रममा कलेजको छात्रवृत्ति सिफारिस समितिका संयोजक तथा कलेज सञ्चालक समितिका सदस्य रवीन्द्र ज्याख्वले ख्वप माध्यमिक विद्यालयको स्थापनापछि त्यसको निरन्तरता स्वरूप हालसम्म सातवटा शैक्षिक संस्था स्थापना भएको स्मरण गराउँदै ती संस्थाहरूले भक्तपुरलाई शैक्षिक केन्द्रका रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो।

उहाँले 'एक घर, एक स्नातक' अवधारणाले भक्तपुरको शैक्षिक तथा सामाजिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएको उल्लेख गर्दै ख्वप कलेज अफ इन्जिनियरिङसहित सातवटा शैक्षिक संस्थामार्फत प्रत्येक वर्ष करिब रु. ६ करोड बराबरको छात्रवृत्ति प्रदान गरिँदै आएको जानकारी दिनुभयो।

आर्थिक अभावकै कारण कुनै पनि विद्यार्थी उच्च शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाले विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको उहाँले स्पष्ट पार्नुभयो। सङ्घीय सरकारले आफ्नै लगानीमा पर्याप्त कलेज स्थापना गर्न नसकेको अवस्थामा अधिकांश नयाँ कार्यक्रम निजी क्षेत्रबाट उच्च शुल्कमा सञ्चालन भइरहेको उल्लेख गर्दै उहाँले भक्तपुर नगरपालिकाले समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यले सातवटा शैक्षिक संस्था सञ्चालन गरिरहेको बताउनुभयो। विद्यार्थीले गुणस्तरीय प्राविधिक शिक्षा तुलनात्मक रूपमा न्यून शुल्कमा अध्ययन गर्न पाएको उहाँको भनाइ थियो।

कलेजका प्राचार्य ई. सुनिल दुवालले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई बधाई दिँदै यस्ता कार्यक्रमले विद्यार्थीलाई थप मेहनत गर्न प्रेरित गर्ने तथा शैक्षिक उत्कृष्टता हासिल गर्न मार्गदर्शन प्रदान गर्ने बताउनुभयो। उहाँले ख्वप कलेज अफ इन्जिनियरिङले न्यून शुल्कमा गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्दै आएको उल्लेख गर्दै आर्थिक रूपमा कमजोर विद्यार्थीले पनि सहज रूपमा अध्ययन गर्न सक्ने वातावरण कलेजले निर्माण गरेको बताउनुभयो।

कार्यक्रममा कलेजका लेखा शाखा प्रमुख विष्णुप्रसाद सुवालले छात्रवृत्ति कार्यक्रमले आर्थिक रूपमा कमजोर तथा प्रतिभाशाली विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्न महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

यस शैक्षिक वर्षमा कलेजले गरिब तथा जेहनदार छात्रवृत्तिअन्तर्गत ४८ जना विद्यार्थीलाई कुल रु. २३ लाख ५४ हजार बराबरको छात्रवृत्ति प्रदान गरेको जनाएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा प्रवेश परीक्षा उत्कृष्ट छात्रवृत्ति, गरिब तथा जेहनदार छात्रवृत्ति तथा सेमेस्टर टपर छात्रवृत्तिसहित १४० जना विद्यार्थीलाई कुल रु. १ करोड ५० लाख बराबरको छात्रवृत्ति उपलब्ध गराइएको कलेजले जनाएको छ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

# ख्वप कलेज अफ ल

देकोचा-६, भक्तपुर, नेपाल फोन: ०१-५९२०५९२

## मौजुदा सूची (Standing List) दर्ता गर्नेसम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/०४/०१ गते

आर्थिक वर्ष २०८३ र ८४ मा आवश्यक पर्ने तपसिलबमोजिमका सामानहरू आपूर्ति तथा सेवाहरू दिन इच्छुक बिक्रेता तथा सम्बन्धित कार्यमा इजाजत प्राप्त फर्म कम्पनी, संस्था वा अधिकृत बिक्रेताहरू सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम **ख्वप कलेज अफ ल**को लागि सूची अद्यावधिक गर्नुपर्ने भएकाले सूचीदर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। एकभन्दा बढी कार्यको लागि आवेदन दिन चाहेमा माग गरेको कागजातहरू संलग्न गरी छुट्टाछुट्टै निवेदन दिनुपर्नेछ।

| क्र.सं. | विवरण |
|---|---|
| १ | स्टेशनरी, मसलन्द तथा विविध कार्यालय सामानहरू आपूर्ति गर्ने। |
| २ | फर्निचर तथा फर्निसिङ सामान आपूर्ति गर्ने। |
| ३ | पुस्तक तथा पत्रपत्रिका आपूर्ति गर्ने। |
| ४ | विद्युतीय तथा इलेक्ट्रोनिक्स सामानहरू आपूर्ति तथा मर्मत कार्य गर्ने। |
| ५ | विज्ञापन सेवा-पत्रपत्रिकामा छपाइ, रेडियो, एफ.एम., प्रशारण तथा अन्य विद्युतीय माध्यममा विज्ञापन सेवा। |
| ६ | निर्माणसम्बन्धी सम्पूर्ण कार्य, विविध निर्माण सामग्री आपूर्ति गर्ने। |
| ७ | छपाइसम्बन्धी सम्पूर्ण कार्य। |
| ८ | सवारी साधन भाडा, ढुवानी सेवा एवं मर्मत तथा पार्टपुर्जाहरू आपूर्ति गर्ने। |
| ९ | Internet तथा सफ्टवेयर सेवा दिने एवं विविध परामर्श सेवा सम्बन्धमा। |
| १० | प्रयोगशाला सामानहरू, रसायन, उपकरण तथा अन्य प्रयोगशालासम्बन्धी सामग्री आपूर्ति तथा मर्मत कार्य गर्ने। |
| ११ | पिउने पानी तथा सवारी इन्धन आपूर्ति गर्ने। |
| १२ | परिचयपत्र, फोटो छपाइ, फोटो/भिडियोग्राफी, साउन्ड सिस्टम भाडामा दिने एवं विविध सामान आपूर्ति गर्ने। |
| १३ | रेन्टल तथा क्याटरिङ सेवा, इभेन्ट म्यानेजमेन्ट तथा साउन्ड सिस्टम भाडामा दिने सेवा। |
| १४ | औषधि, सर्जिकल तथा सरसफाइसम्बन्धी सामान आपूर्ति गर्ने। |
| १५ | खेलकुदसम्बन्धी सामान, पुरस्काहरू, ट्राभल एन्ड टुर प्याकेज कार्यक्रम। |
| १६ | पोशाक, कपडा तथा पोशाकसम्बन्धी अन्य सामग्री आपूर्ति गर्ने। |
| १७ | विविध |

**संलग्न गर्नुपर्ने कागजातहरू:**

१) मू.अ.क. VAT दर्ता तथा पान PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२) फर्म, कम्पनी दर्ता तथा आवश्यकताअनुसारको व्यवसायिक इजाजतपत्रको प्रतिलिपि।
३) आर्थिक वर्ष २०८१ र ८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४) कालो सूचीमा नरहेको स्वयम् घोषणापत्र।

- ➢ निवेदनहरू सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कलेजमा निहित रहनेछ।
- ➢ निवेदन दर्ता बिहान ८:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म मात्र हुनेछ।

**(विस्तृत जानकारीको लागि कलेजको जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ।)**

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं।

### दुईहप्ते एडभान्स फोटोग्राफी तालिमसम्बन्धी सूचना




***पुनश्च : तालिममा बढीमा १५ जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ।***

युवा उपसमिति

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- ❖ कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- ❖ अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- ❖ पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- ❖ कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- ❖ पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- ❖ शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- ❖ पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- ❖ स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

*युद्धविरामबिच...*

बुझाइ रहेको बताउनुभयो। उहाँका अनुसार केही सुरक्षा संरचना हतियार भण्डारण, रसद र सैन्य सञ्चालनमा समेत प्रयोग भएको इजरायलको दाबी छ।

गत अक्टोबरमा भएको युद्धविरामले दुई वर्षदेखि जारी युद्ध रोक्ने प्रयास गरे पनि छिटपुट हिंसा जारी छ। गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार युद्धविराम लागू भएयता मात्रै कम्तीमा एक हजार १२३ जनाको मृत्यु भइसकेको छ। मन्त्रालयले अधिकांश मृतक महिला र बालबालिका रहेको जनाएको छ।

इजरायलले युद्धविरामपछि पनि हमासका लडाकुबाट आफ्ना सैनिकमाथि आक्रमण भइरहेकोले त्यसको जवाफस्वरूप कारबाही जारी राखिएको जनाएको छ। युद्धविरामपछि हालसम्म पाँच इजरायली सैनिक मारिएका छन्।

सन् २०२३ अक्टोबर ७ मा हमास नेतृत्वको आक्रमणमा दक्षिणी इजरायलमा करिब एक हजार २०० जनाको मृत्यु हुनुका साथै २५१ जनालाई बन्धक बनाएपछि युद्ध सुरु भएको थियो।

# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### सहकारी संस्थाका पदाधिकारीहरूको भेलाबारे सूचना

सहकारी संस्थाको विगत र वर्तमान विषयमा भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाका पदाधिकारीहरूको भेला कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले प्रत्येक सहकारीबाट एक/एक जना कार्यक्रममा सहभागी हुन अनुरोध गरिएको छ।

**कार्यक्रम**

**मिति** : २०८३/०४/०१ गते, शुक्रबार
**समय** : दिनको १:०० बजे
**स्थान** : भ.न.पा.को सभा कक्ष, ब्यासी, भक्तपुर

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**
Shree Barahi Saving & Credit Co-operative Society Ltd.

भ.न.पा.-४, भुलाँचा, भक्तपुर

ACCESS BRONZE

## बचत तथा ऋणको कायम ब्याजदर

| बचत शीर्षक | | |
|---|---|---|
| क्र.सं. | बचत खाता | ब्याजदर |
| १. | नियमित बचत | ४.५ |
| २. | बाल बचत | ४ |
| ३. | खुत्रुके बचत | २ |
| ४. | महशुल बचत | २ |
| ५. | गहना बचत | २ |
| ६. | सवारी साधन बचत | २ |
| ७. | शैक्षिक बचत | २ |
| ८. | ऐच्छिक बचत | १ |
| ९ | बीमा बचत | २ |
| १०. | दैनिक बचत | १.५ |
| ११. | घर निर्माण बचत | २ |

| आवधिक बचत शीर्षक | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आवधिक बचत | ब्याजदर | | |
| | | एकमुष्ट | त्रैमासिक | मासिक |
| १. | ३ महिने | १.५ | | |
| २. | ६ महिने | २ | १.७५ | १.५ |
| ३. | १ वर्ष वा सोभन्दा माथि अवधिको | ३ | २.५ | २ |
| ६८ वर्षका ज्येष्ठ सदस्यहरूको आवधिक बचतमा कायम ब्याजदरमा ०.२५ प्रतिशत थप हुनेछ। | | | | |

| क्र.सं. | ऋणका प्रकारहरू | ब्याजदर |
|---|---|---|
| १. | व्यापार/व्यवसाय ऋण | ६ देखि ९.७५ |
| २. | हायर पर्चेज ऋण | ८.७५ देखि ९.७५ |
| ३. | सामाजिक ऋण | ८ देखि १० |
| ४. | आवधिक बचत धितो ऋण | +२ |
| ५. | घडेरी/घर निर्माण ऋण | ६ देखि ९.७५ |
| ६. | शैक्षिक ऋण | ७.०० |
| ७. | कृषि ऋण | ६ देखि ७ |
| ८. | घरजग्गा व्यवसाय ऋण | ७.७५ देखि ९.७५ |
| ९. | उद्योग व्यवसाय ऋण | ६ देखि ९.७५ |
| १०. | निक्षेप धितो ऋण | ६.५ देखि ७.५ |
| सर्त लागू हुनेछ। | | |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा